# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं,असार२७गते२०४८साल (पूर्वातिरिक्ताङ्क१६ (क+१)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

सामयिककर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

१. भन्सार महसूलः नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा अनुसूची– १ बमोजिम भन्सार महसूल (साधारण भन्सार महसूल, अतिरिक्त भन्सार महसूल र समिकारक महसूल) लगाइने र असूल उपर गरिने छ ।

२. अन्तःशुल्कः नेपाल अधिराज्यभित्रका मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा अनुसूची– २ बमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ ।

३. बिक्रीकरः (१) विदेशबाट नेपाल अधिराज्य भित्र पैठारी हुने मालवस्तुमा र नेपाल अधिराज्य भित्रका मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तुमा अनुसूची– ३ बमोजिम बिक्रीकर लगाइने र असूल उपर गरिनेछ ।

(२) बिक्रीकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४७ बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. हवाई उडानकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम हवाई उडानकर लगाइने र असूल उपर गरिनेछ ।

५. आयकर: आर्थिक वर्ष २०४८।४९ मा अनुसूची – ४ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

६. सम्पत्तिकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम सम्पत्तिकर लगाइने र असूल उपर गरिनेछ ।

७. शहरी क्षेत्र घरजग्गा कर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम शहरी क्षेत्रको घरजग्गामा शहरी क्षेत्र घरजग्गाकर लगाइने र असूल उपर गरिनेछ ।

८. ठेक्काकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम ठेक्काकर लगाइने र असूल उपर गरिनेछ ।

९. सवारी साधनकर: आर्थिक वर्ष २०४८।४९ मा अनुसूची– ५ बमोजिम सवारी साधनकर लगाइने र असूल उपर गरिनेछ ।

१०. मनोरञ्जनकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम मनोरञ्जनकर लगाइने र असूल उपर गरिनेछ ।

तर, (क) नेपाल अधिराज्यमा नेपाली निर्माताहरूद्वारा राष्ट्र तथा राष्ट्रिय भाषामा निर्मित चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म प्रदर्शनबाट उठेको मनोरञ्जनकर रकमको दुई तिहाई रकम यस्तो चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म निर्मातालाई तथा ५ प्रतिशत रकम चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म प्रदर्शन गर्ने हल धनीलाई अनुदानको रूपमा उपलब्ध गराइनेछ ।

(ख) टुरिङ्ग टाकिजको रूपमा चलचित्र प्रदर्शनको इजाजत लिएकाहरूबाट मासिक रू. १२,०००।– का दरले प्रत्येक महीनाको १ गते एक मुष्ट मनोरञ्जन कर असूल गरिनेछ ।

११. होटलकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम होटलकर लगाइने र असूल उपर गरिनेछ ।

तर, (क) होटलले आफ्ना ग्राहक तथा पाहुनाहरूलाई उपलब्ध गराउने सञ्चार सेवा बाहेक अरू सबै सेवाहरू बापत होटलले लिने रकममा पनि होटलकर लगाइने र असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४४५८

(ख) तारा नभएको होटल तथा लज, रेष्टुराँ र बारहरूबाट वार्षिक रूपमा होटलकर तोकी मासिक रूपमा असूल उपर गरिनेछ । स्थानीय कर कार्यालयको कार्यालय प्रमुखको अध्यक्षतामा सम्बन्धित करदाताहरूको संघका प्रतिनिधि र यस्तो संघ नभएमा स्थानीय उद्योग वाणिज्य संघले तोकेको यस्तो व्यवसायी प्रतिनिधि, स्थानीय अन्तः शुल्क अधिकृत वा सो नभए स्थानीय प्रशासनका प्रतिनिधि समेत भएको समितिले यस्तो वार्षिक होटलकर तोक्नेछ ।

१२. व्याजकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम व्याजकर लगाइने र असूल उपर गरिनेछ ।

१३. घरजग्गा वहालकर: आर्थिक वर्ष २०४८।४९ मा अनुसूची – ६ बमोजिम घर जग्गा वहालकर लगाइने र असूल उपर गरिनेछ ।

१४. सडक पुल सम्भारकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम सडक पुल सम्भारकर लगाइने र असूल उपर गरिनेछ ।

१५. टेलिभिजन र भिडियो डेकमा लाग्ने दस्तूर: आर्थिक वर्ष २०४८।४९ मा अनुसूची– ७ बमोजिम टेलिभिजन र भिडियो डेकमा दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१६. मालपोत तथा भूमिकर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम मालपोत, भूमिकर तथा स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१७. रजिष्ट्रेशन दस्तूर: आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१८. दर घटाउन सक्ने: श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा १ र ३ मा उल्लेखित भन्सार महसूल र बिक्रीकरको दर घटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १
## भन्सार महसूल दरवन्दी
## २०४८।४९

| संकेत नम्बर | माल वा वस्तुको नाम | महसूल दर प्रति १०० के.जी. वा मो.प्र.श. (%) (अन्यथा केही उल्लेख नभएको भए) पैठारी साधारण भन्सार महसूल | निकासी भन्सार महसूल |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ०१–०१ | जीवित घोडाहरू, गधाहरू, खच्चर र हिनिज | माफी | ०.५० % |
| ०१–०३ | जीवित सुंगुर | माफी | ०.५० % |
| ०१–०४ | जीवित भेडा र बाखा: | | |
| | (क) भेडा | माफी | ०.५० % |
| | (ख) बाखा | माफी | ०.५० % |
| ०१–०५ | जीवित कुखुरा, अर्थात् लुइचे, गिनीफाउल, हाँस, टर्की, पानी हाँस समेत: | | |
| | (ख) अन्य कुखुरा | माफी | ०.५० % |
| ०१–०६ | अन्य जीवित जन्तु: | | |
| | (क) मुख्यत: मासु खान हुने प्रकारका जीव-जन्तु | माफी | ०.५० % |
| | (ख) अन्य (चिडियाखानाका जन्तु कुकुर बिरालो समेत) | माफी | ०.५० % |
| ०३–०१ | माछा, ताजा (जीवित वा मरेको) चिसो (चिल्ड वा फोजेन): | | |
| | (क) माछा, ताजा (मरेको वा जीवित) चिसो (चिल्ड वा फोजेन) (फिला बाहेक) | माफी | ०.५० % |
| | (ख) माछा, चिसो (फोजेन) (फिला बाहेक) | माफी | ०.५० % |
| | (ग) माछाको फिला ताजा र चिसो (चिल्ड) | माफी | ०.५० % |
| | (घ) माछाको फिला चिसो (फोजेन) | माफी | ०.५० % |
| ०४–०१ | दूध र तर, ताजा, नजमाएको वा गलियो नगरेको | माफी | ०.५० % |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ०४–०५ | चरा चुरुङ्गीको फुल, फुल भित्रको पहेंलो भाग, ताजा, सुकेको वा सुरक्षित, गुलियो गरेको वा नगरेको: | | |
| | (क) नफुटाएको फुल: | | |
| | १ हाँस र कुखुराको फुल | माफी | ०.५०% |
| | २ अन्य | माफी | ०.५०% |
| | (ख) अन्य | माफी | ०.५०% |
| ०५–०८ | हाड वा सिंग भित्रको हाड, अप्रशोधित, बोसो हटाइएको साधारण रूपले तयारी गरेको (तर साइज मिलाई नकाटेको) एसिड घोलिएको वा चिटचिटेपन हटाइएको (डिजे-ल्याटनाइज्ड) यी उत्पादनका धूलो र अवशेषहरू | माफी | ०.५०% |
| ०७–०१ | ताजा वा चिसोमा राखेको सागपातहरू: | | |
| | (क) आलु | माफी | ०.५०% |
| | (ख) टमाटर | माफी | ०.५०% |
| | (ग) प्याज, छ्यापी, लसून, पिडालु र यस्तै लसून, प्याज जातिका सागपात (जस्तै चाइभ र वेल्स प्याज) | माफी | ०.५०% |
| | (घ) अन्य | माफी | ०.५०% |
| ०८–०१ | खजूरको फल, केरा, नरीवल, ब्राजिल सुपारी, काजु, मूइकटहर, एभोकेडस (शरीफा), आँप, अम्बा, मलायामा हुने एक किसिमको आँपको जस्तो फल ताजा वा सुकाएको, बोक्रा छोडा-एको वा नछोडाएको: | | |
| | (क) केरा | माफी | ०.५०% |
| | (ख) नरिवल : | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४४५

| | | | |
|---|---|---|---|
| | १ ताजा | माफी | ०.५०% |
| | २ अन्य | १५% | ०.५०% |
| | (ग) ब्राजिल सुपारी | १५% | ०.५०% |
| | (घ) काजू | १५% | ०.५०% |
| | (ङ) भूइकटहर | माफी | ०.५०% |
| | (च) एमोकेडस, आँप, अम्बा, मलायाको आँप जस्तो फल | माफी | ०.५०% |
| | (छ) खजूर (छोहरा) | १५% | ०.५०% |
| ०८–०२ | रसदार फलफूल, ताजा वा सुकाएको: | | |
| | (क) सुन्तला | माफी | ०.५०% |
| | (ख) माण्डरीन सुन्तला (तान्जारिन र सास्तुमान समेत) नरम, सुन्तला, विलिङ र अन्य यस्तै रसदार वर्णशङ्कर | माफी | ०.५०% |
| | (ग) कागती, निबुआ र ज्यामीर | माफी | ०.५०% |
| | (घ) ग्रेप फ्रुट्स | माफी | ०.५०% |
| | (ङ) अन्य | माफी | ०.५०% |
| ०८–०३ | अन्जीर सुकाएको वा ताजा: | | |
| | १ ताजा | माफी | ०.५०% |
| | २ सुकाएको | १५% | ०.५०% |
| ०८–०४ | अंगुर ताजा वा सुकाएको: | | |
| | १ ताजा | माफी | ०.५०% |
| | २ सुकाएको | १५% | ०.५०% |
| ०८–०५ | सङ्केत नं. ०८–०१ अन्तर्गत पर्ने बाहेक ताजा वा सुकाएको वा बोक्रा छोडाएको वा नछोडाएको सुपारी (कडा बोक्रा भएको फलफूल) : | | |
| | (क) बदाम (अलमोण्डा) | १५% | ०.५०% |
| | (ख) खैरो खवटे फलफूल (खैरो सुपारी) | १५% | ०.५०% |
| | (ग) अन्य : | | |
| | १ सुपारी | १५% | ०.५०% |
| | २ अन्य | १५% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४५२०

| | | | |
|---|---|---|---|
| ०८–०६ | ताजा स्याउ, नास्पाति, श्रीफल : | | |
| (क) | स्याउ | माफी | ०.५०% |
| (ख) | नास्पाति र श्रीफल | माफी | ०.५०% |
| ०८–०७ | ताजा सारो फलफूल | माफी | ०.५०% |
| ०८–०८ | बयर ताजा | माफी | ०.५०% |
| ०८–०९ | ताजा अन्य फलफूल | माफी | ०.५०% |
| ०८–१० | चिनी नहालेको चिसो गरी सुरक्षित गरिएको (पकाएको वा नपकाएको फलफूल) | माफी | ०.५०% |
| ०८–११ | तुरुन्त उपयोग गर्न नहुने स्थितिको सुरक्षित फलफूल (जस्तै गन्धक डाईअक्साईड ग्याँस-बाट) नून पानीमा वा अन्य सुरक्षित गर्ने तरल पदार्थद्वारा सुरक्षित गरिएको | माफी | ०.५०% |
| ०८–१२ | सङ्केत नं. ०८–०१, ०८–०२, ०८–०३, ०८–०४ वा ०८–०५ अन्तर्गत पर्ने बाहेकको सुकाएको फलफूल | १५% | ०.५०% |
| ०८–१३ | खरबुजा र सुन्तला, निबुआ जाति (साइट्रस) फलफूलको ताजा, चिसोमा राखेको, सुकाएको, नून पानी, गन्धक पानी वा अन्य सुरक्षित गर्ने तरल पदार्थमा राखी सुरक्षित गरेको बोक्रा | माफी | ०.५०% |
| ०९–०४ | विभिन्न जातका मरीच, विभिन्न जातका खोर्सानी : | | |
| १ | हरियो खोर्सानी | माफी | ०.५०% |
| ०९ – ०६ | दालचिनी र दालचिनीको रूख र फूल | १५% | ०.५०% |
| ०९ – ०७ | ल्वाङ्ग (सिंगो ल्वाङ्ग, ल्वाङ्गको फूल र भेट्नु) | १५% | ०.५०% |
| ०९–०८ | जाइफल, जाइपत्री, अलैंची : | | |
| १ | अलैंची तथा सुकमेल | १५% | ०.५०% |
| २ | अन्य | १०% | ०.५०% |
| ०९–१० | पुदीना, केसर, तेजपात (सिन्काउली) अन्य मसलाहरू: | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

8२9

| | | | |
|---|---|---|---|
| | (क१ काँचो अदुवा | माफी | ०.५०% |
| | (ख२ सुकेको बेसार र धूलो मेथी | ५% | ०.५०% |
| | ३ केसर | १५% | ०.५०% |
| १०–०७ | फापर, कोदो (मिलेट), क्यानरी सिड (चराको आहारा) र कागुनाको दाना र अन्य अन्न: | | |
| | (क) कोदो | माफी | ०.५०% |
| | (ख) कागुन | माफी | ०.५०% |
| | (ग) अन्य | माफी | ०.५०% |
| ११–०१ | अन्नको मैदा | | |
| | (क) गहुँ वा मेसिलनको | माफी | ०.५०% |
| | (ख) अरू अन्नको | माफी | ०.५०% |
| ११–०२ | कुटेको अन्न र अन्नको पिठो, तयार पारेको अन्न (जस्तै च्याँख्ला पारेको, फलेको मोती जस्तो बाटुलो बनाएको वा पिंधेको तर त्यो भन्दा बढी केही नगरेको) संकेत नं. १०–०६ अन्तर्गत पर्ने चामल बाहेक, कुटेको च्याँख्ला पारेको वा पिंधेको वा सिङ्गो अन्नको कनिका: | | |
| | (क) गहुँको कुटेको वस्तु पिठो वा डल्ला | माफी | ०.५०% |
| | (ख) गहुँको बाहेक अन्नको कुटेको वस्तु पिठो वा डल्ला: | | |
| | १ मकैको | माफी | ०.५०% |
| | २ चामलको | माफी | ०.५०% |
| | ३ अरू अन्नको | माफी | ०.५०% |
| १२–०१ | तेलहन र तेल आउने फलफूल सिंगो वा फुटाएको: | | |
| | (क) बदाम (मुमफली) | माफी | ०.५०% |
| | (ख) सुकेको नरीवलको गुदी | १०% | ०.५०% |
| | (ग) ताडी दाना र वियाँ | माफी | ०.५०% |
| | (घ) भटमास | माफी | ०.५०% |
| | (ङ) आलस | माफी | ०.५०% |
| | (च) कपासको दाना (ज्यापु) | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (स्वचालित ढोका बन्द गर्ने समेत) मुख्य धातुको टोप राख्ने, टोपका किलाकाँटा, ब्राकेट र यस्तै सामान | १५% | ०.५०% |
| ८३-०४ | आधारभूत धातुको फाइलिङ्ग क्याविनेट, न्याक केलाएर राख्ने बाकस, कागज राख्ने किस्ती, कागज राख्ने ठाउँ र यस्तै अफिस उपकरण, संकेत नं. ९४-०३ अन्तर्गत पर्ने अफिस फर्निचर बाहेक | १५% | ०.५०% |
| ८३-०७ | आधारभूत धातुबाट बनेको बत्ती, बत्ती मिलाउने वा जोड्ने सामान र त्यसका पार्टपूर्जा (स्वीच, बिजुलीको बत्ती झुण्ड्याउने होल्डर, गाडीको लागि बिजुली बत्ती, बिजुलीको ब्याट्री, वा चुम्बकीय बत्ती र भाग ८५ अन्तर्गत पर्ने अन्य सामान बाहेक, तर भाग ८५ को संकेत नं. ८५-२२ को सामान बाहेक): | | |
| | १ इमरजेन्सी लैम्प | ३०% | ०.५०% |
| | ३ लालटीन | ५% | ०.५०% |
| ८३-१३ | आधारभूत धातुबाट बनेको बिर्कोहरू, क्राउन कर्क बोतलको बिर्को, क्यापसूल, वेंगको बिर्को, सिल, शिशाको मुख बन्द गर्ने (बिर्को) र अन्य आधारभूत धातुको बन्द गर्ने सहायक सामानहरू: | | |
| | १ क्राउन कर्क | २५% | ०.५०% |
| | २ अन्य | १५% | ०.५०% |
| ८४-१० | तरल पदार्थ खिच्ने यन्त्र (मोटर पम्प र चक्र पम्प समेत) नाप्ने यन्त्र जडेको वा नजडको, तरल पदार्थ उठाउने बाल्टी, चेन, स्क्रिउ, बन्धन र यस्तै प्रकारका सामान: | | |
| | (ङ) अन्य पम्प, तरल पदार्थको लागि र तरल पदार्थ उठाउनको लागि: | | |
| | २ मोटर र मेहिकलको इञ्जिनको | २५% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २०–०६ | अन्य किसिमबाट तयार गरिएको वा सुरक्षित गरिएको फलफूल, चिनी वा स्पिरिट मिसाइएको वा नमिसाइएको: | | |
| | (क) भुटिएको सुपारी, भुटिएको बदाम समेत: | | |
| | १ बोतल वा टिनमा बन्द गरिएको | २०% | ०.५०% |
| | २ अन्य | २०% | ०.५०% |
| | (ख) अन्य: | | |
| | १ बोतल वा टिनमा बन्द गरिएको | २०% | ०.५०% |
| | २ अन्य | २०% | ०.५०% |
| २१–०७ | अन्यत्र नपरेको खाद्य परिकारहरू: | | |
| | २ आइसक्रिम | २०% | ०.५०% |
| २२–०२ | कागती मिसाइएको पानी (लेमोनेड), स्वादिलो खनिज भएको ठाउँको पानी र स्वादिलो वायु प्रवाहित पानी र अन्य अल्कोहल नमिसिएको पेय पदार्थहरू, संकेत नं. २०–०७ अन्तर्गतका फलफूल र वनस्पतिका रस बाहेक | २०% | ०.५०% |
| २२–०८ | ८०% वा सो भन्दा बढी शक्ति भएको इथाइल अल्कोहल र न्यूट्रल स्पिरिट, मूल तत्व परिवर्तन नभएको, जतिसुकै शक्ति भएको मूल तत्व परिवर्तित स्पिरिट (इथाइल अल्कोहल र न्यूट्रल स्पिरिट समेत): | | |
| | १ रेक्टिफाइड अल्कोहल | १०० लि. २५००।– | ०.५०% |
| | २ डिनेचर्ड (स्पिरिटमेथिलेटेड स्पिरिट समेत) | १०० लि. ७००।– | ०.५०% |
| | ३ अन्य | १०० लि. ३०००।– | ०.५०% |
| २२–०९ | स्पिरिट (संकेत नं. २२–०८ बाहेकका), लिक्कर र अन्य स्पिरिट युक्त पेय पदार्थहरू, पेय पदार्थ उत्पादनको लागि चाहिने मिश्रित अल्कोहल (संकेन्द्रित सारको रूप मानिने): | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (ग) अन्य: | | |
| | २ २०% भन्दा बढी अल्कोहलको मात्रा भएको औषधिको रूपमा प्रयोग हुने पेय पदार्थ | ५०% | ०.५०% |
| | ३ अन्य | १५०% | ०.५०% |
| २३–०४ | पिना र वनस्पति तेल बनाउँदा निस्केका अरू अवशेष (काती वा थेग्रो बाहेक): | | |
| | (क) भटमासको | माफी | ०.५०% |
| | (ख) बदामको | माफी | ०.५०% |
| | (ग) कपासको बीउको | माफी | ०.५०% |
| | (घ) आलसको | माफी | ०.५०% |
| | (ङ) सूर्यमुखी फूलको | माफी | ०.५०% |
| | (च) खजूरको गेडा वा बियाँको भित्री भागको | माफी | ०.५०% |
| | (छ) नरिवलको (सुकेको नरिवलको) | माफी | ०.५०% |
| | (ज) रेप (भेडाले खाने घाँसको दाना) वा कोल्जा (बदाम जस्ता बोट) को बीउहरू | माफी | ०.५०% |
| २४–०२ | सूर्तीका उत्पादन: | | |
| | (ग) अन्य: | | |
| | १ जर्दा र खैनी | २५% | ०.५०% |
| २५–०२ | नखगारिएको आइरन पाइराइटहरू | माफी | ०.५०% |
| २५–०४ | प्राकृतिक ग्राफाइट | माफी | ०.५०% |
| २५–१० | प्राकृतिक क्याल्सियम फोस्फेटहरू, प्राकृतिक एल्मुनियम क्याल्सियम फोस्फेटहरू, एपाटाइट र फोस्फेटिक चकहरू: | | |
| | (क) नपिधिएको | माफी | ०.५०% |
| २५–११ | प्राकृतिक बेरियम सल्फेट (बेराइटहरू) प्राकृतिक बेरियम कार्बोनेट, भस्मित वा अभस्मित, बेरियम अक्साइड बाहेक | माफी | ०.५०% |
| २५–१३ | आग्नेय पत्थर, इमरी, प्राकृतिक कोरूण्डम, प्राकृतिक याकुत (गार्नेट) र अन्य प्राकृतिक एब्रासिभहरू, तापित वा अतापित घ. मि. | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२२

| | | | |
|---|---|---|---|
| २५–१८ | डोलोमाइट (क्यात्सियम र म्याग्नेसियम दुबैको कार्बोनेट) भस्मित वा अभस्मित, अलि अलि टुक्रयाइएको वा वर्गाकार पारिएको भन्दा केही नगरिएको समेत, ठोस पारिएको डोलोमाइट (मिश्रित डोलोमाइट समेत) | माफी | ०.५०% |
| २५–१९ | प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट) गालिएको म्याग्नेसियम पूर्ण रूपले बालिएको म्याग्नेसिया, बाल्नु भन्दा पहिले थोरै मात्रामा अन्य अक्साइडहरू मिसाइएको वा नमिसाइएको अन्य म्याग्नेसियम अक्साइड रासायनिक तवरले शुद्ध वा अशुद्धः | | |
| | २ अन्य | माफी | २०० |
| २५–२१ | चुन द्रावक र चुनादार ढुङ्गा, साधारण तथा चुन र सिमेण्टको उत्पादनमा प्रयोग गरिने घ.मि. | माफी | १०० |
| २५–२४ | एसवेसटस (चट्टानबाट बनेको कडा रेसा भएको खनिज) | माफी | ०.५०% |
| २५–२६ | अभ्रख, टुक्रा समेत, अभ्रखमलः | | |
| | २ अन्य | माफी | ०.५०% |
| २५–२८ | प्राकृतिक क्रयोलाईट र क्रियोलाइट | माफी | ०.५०% |
| २५–३० | कच्चा प्राकृतिक वारेट र तिनीहरूको केन्द्रीभूत वा गाडा पारिएको रूप (भस्मित वा अभस्मित) तर प्राकृतिक ब्राइन (समुद्रोदकबाट नछुटचाइएको), कच्चा प्राकृतिक बोरिक एसिड (८५ प्रतिशत भन्दा बढी बोरिक एसिड नभएको सुखा अवस्थामा) | माफी | ०.५०% |
| २७–०६ | कच्चा पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल | माफी | ०.५०% |
| २९–३८ | प्रोभिटामिनहरू र भिटामिनहरू, प्राकृतिक वा कृत्रिम (प्राकृतिक समाहरण समेत) भिटामिनको रूपमा प्राथमिक तवरले प्रयोग गरिने | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२६०

| | | | |
|---|---|---|---|
| | तिनीहरूका व्युत्पत्तिहरू र तिनका अन्तर-मिश्रणहरू (कुनै घोलमा वा त्यस्तै) | ५% | ०.५०% |
| २९–४१ | ग्लाइकोसाइडहरू, प्राकृतिक वा कृत्रिम तरिकाले पुनः निर्मित र तिनका लवणहरू, इथरहरू, इस्टरहरू र अन्य व्युत्पत्तिहरू: | | |
| | १ मोनोसोडियम ग्लुटामेट (अजिनो मोटो) | १५% | ०.५०% |
| | २ अन्य | ५% | ०.५०% |
| ३०–०३ | औषधिहरू (पशु विज्ञानसम्बन्धी औषधि समेत): | | |
| | (घ) अन्य: | | |
| | २ चिनी मिश्रित स्वादिष्ट मिठाई तथा चकलेटको रूपमा प्रयोग हुने आयुर्वेदिक उत्पादनहरू | २०% | ०.५०% |
| | ३ अन्य औषधि | १% | ०.५०% |
| ३२–०४ | वनस्पतिमूलक रङ्गाउने पदार्थहरू (डाइउड निष्कर्षण र अन्य वनस्पतीय डाइनिष्कर्षण समेत तर निर बाहेक) वा प्राणीमूलक रङ्गाउने पदार्थहरू: | | |
| | १ धूलो रूपमा रहेको कत्था (कुनै पनि रूपमा रहेको कच्छ) | १५% | २०० |
| | २ अन्य प्रक्रिया लगाइएको कत्था | १५% | ५०० |
| ३२–१३ | लेख्ने, छाप्ने र अन्य मसीहरू: | | |
| | (क) छाप्ने मसी | १०% | ०.५०% |
| | (ख) अन्य | १०% | ०.५०% |
| ३३–०६ | सुगन्धित, श्रृङ्गारसम्बन्धी, शरीर सज्जा सम्बन्धी सामग्रीहरू, वास्पशील तेलको जलीय उर्द्ध पातन र जलीय औषधिको प्रयोगको लागि योग्य सामग्री समेत: | | |
| | ५ अत्तर (अट्टो) सुगन्ध, कृत्रिम सुगन्ध, केशलेप, केशतेल, शेम्पू दारी बनाउने क्रिम र फोम, आफटशेभलोशन, त्वचाको सौन्दर्य बढाउन | | |



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८२६

| | | | |
|---|---|---|---|
| | प्रयोगमा आउने क्रिम (ब्यूटी क्रिम, भेनेशिंग क्रिम, क्लिन्जिङ्ग, क्रिम, स्किन फुड्स एण्ड टनिक्स) फेस पाउडर समेत | ३०% | ०.५०% |
| ३४–०१ | साबुन प्राङ्गारिक बाह्य भागमा असर पार्ने साधनहरू र उत्पादनहरू (साबुनको प्रयोगको लागि, छड केक निश्चित आकार भएका टुक्रा वा अन्य आकारका साबुनसँग मिसाइएका वा नमिसाइएका): | | |
| | १ ट्वाइलेट (नुहाउने) साबुनहरू | २०% | ०.५०% |
| | ६ अन्य | २०% | ०.५०% |
| ३४–०२ | प्राङ्गारिक बाह्य भागमा असर पार्ने साधनहरू, बाह्य भागमा असर गर्ने सामानहरू र धुने डिटरजेण्ट पाउडर समेत साधनहरू, साबुन मिसाइएको वा नमिसाइएको | २०% | ०.५०% |
| ३७–०२ | रोलमा भएका फिल्महरू, नखोलिएको, प्रकाश-ग्राही सछिद्र वा छिद्ररहित | २५% | ०.५०% |
| ३७–०७ | सिनेमासम्बन्धी फिल्म, खोलिएको र विकास गरिएको, ध्वनी मार्ग भएको वा नभएको वा ध्वनि मार्ग मात्र भएको नेगेटिभ वा पोजिटिभ मि. | २।– | ०.५०% |

द्रष्टव्यः–

५. संकेत नं. ३७–०२ को सिनेमा बनाउने कच्चा फिल्म चलचित्र निर्माण गर्ने उद्योगहरूले पैठारी गरेमा चलचित्र निर्माण गर्न स्वीकृति दिने निकाय बाट सिफारिश गरेको परिमाणमा प्रति मिटर –।१५ पैसा मात्र भन्सार महसूल लाग्ने छ ।

| | | | |
|---|---|---|---|
| ४०–१० | भल्कनाइज्ड रबरको ट्रान्समिशन, कन्भेयर वा इलाभेटरको लोता वा बेल्टिङ्ग | १५% | ०.५०% |
| ४०–११ | रबर टायर, टायर केस फेर्न हुने टायरको भुइँ छुने भाग (ट्रिड) भित्री टयूब र टायर फ्ल्याप्सहरू, सबै किसिमको पांग्राको निमित्त | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (क) सामान्यतया मोटर कारमा प्रयोग हुने नयाँ हावादार टायर (न्यूमेटिक) | २०% | ०.५०% |
| | (ख) सामान्यतया बस र लरीमा प्रयोग हुने नयाँ हावादार टायर (न्यूमेटिक) | २०% | ०.५०% |
| | (ग) सामान्यतया हवाइजहाजमा प्रयोग हुने नयाँ हावादार टायर | २०% | ०.५०% |
| | (घ) सामान्यतया मोटरसाईकल, स्कूटर समेत र साईकलमा प्रयोग हुने हावादार टायरहरु: | | |
| | १ मोटरसाईकलको | २०% | ०.५०% |
| | (ङ) भित्री ट्यूबः | | |
| | ४ सवारीको साधन मोटरसाईकल र स्कूटरको | २०% | ०.५०% |
| | ५ अन्य (फ्ल्याप्स समेत) | २०% | ०.५०% |
| | (च) अन्य, नयाँ पैताला हालेको (रिट्रिडेड) टायर समेत: | | |
| | ४ मोटरसाईकल र स्कूटरको | २०% | ०.५०% |
| | ५ अन्य | २०% | ०.५०% |
| ४८–१६ | कार्यालय, पसल वा यस्तै स्थानमा सामान्य रूपले प्रयोग हुने कागज वा कागजको बोर्डका बट्टा झोला र अन्य पोका पार्ने भाँडो, बक्स फाइल, पत्र किस्ती र अन्य यस्तै सामान | १५% | ०.५०% |
| ४८–१८ | कागज वा कागज बोर्डका खाता पत्र, अभ्यास पुस्तिका, नोटबुक, निर्णय पुस्तिका, निरीक्षण किताब, आदेश पुस्तिका, रसीद ठेली, डायरी, सम्झना किताब, सोस्ने प्याड, फित्तावाला फाइल (गाता छुट्टिएको वा अन्य), फाइल गाता, नमूना वा अन्य फोटो राख्ने पुस्तिका र किताबको गाता: | | |
| | २ तस्वीर राख्ने पुस्तिका (अलबम) | ३०% | ०.५०% |
| ४८–१९ | कागज र कागज बोर्डको लेवल, छापेको वा नछापेको, टाँस्ने पदार्थ लगाएको वा नलगाएको | १५% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ५४–०५ | फल्याक्स वा रेमी (चिनियाँ घाँसको) धागोबाट बनेको कपडा | २५% | ०.५०% |
| ५८–०१ | गलैंचा, गलैंचाका सामान र कम्बल, गाँठो पारेको (बनाएको वा नबनाएको): | | |
| | (क) ऊन वा जीव-जन्तुको मसिनो रौंको | ३०% | ०.५०% |
| | (ख) अन्य कपडा पदार्थको | ३०% | ०.५०% |
| ५८–०२ | अन्य गलैंचा, गलैंचाको सामान, कम्बल, गुन्द्री, अरू ओछ्याउने सामान र "केलेम" "सुम्याक" र "कार मेनी" कम्बल र यस्तै सामान (तयारी गरेको वा नगरेको): | | |
| | (झ) अन्य कपडा पदार्थको गुच्छा बाहेकको: | | |
| | ३ अन्य | ३०% | ०.५०% |
| ५८–०७ | मखमली झल्लरको धागो (मखमली झल्लरको धागोको मुट्ठा समेत) किनारा बनाउने धागो (संकेत नं. ५२–०१ अन्तर्गतका धातुमय धागो र किनारा बनाउने घोडाको रौं बाहेक) कपालमा लगाउने रिबन र आलंकारिक झुत्राका टुक्रा, फुर्का, गुच्छा र यस्तै सामान: | | |
| | १ रेशम र कृत्रिम रेशाको | २५% | ०.५०% |
| | २ जुनसुकै रेशाको रिबन र अन्य | १५% | ०.५०% |
| ५९–१४ | बुनेको, बाटेको वा गाँठो पारी बुनेको कपडा पदार्थको स्टोभ, लाइटर, मैनबत्ती र यस्तै सामानको लागि सलेदो बनाउने फित्ता नली आकारको निटेड ग्यास मेन्टल कपडा र ग्याँस मेन्टलको जाली: | | |
| | १ ग्याँस मेन्टलको जाली (तापले चम्कने) | १०% | ०.५०% |
| | २ अन्य | १०% | ०.५०% |
| ५९–१५ | कपडाको होज पाइप (सिंचाईमा प्रयोग हुने) र यस्त नली भित्री बाहिरी कवच हालेको वा नहालेको वा अन्य पदार्थको सहायक सामानहरू भएको वा नभएको | ५% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०

| | | | |
|---|---|---|---|
| ५९–१७ | कलकारखानामा सामान्यतया प्रयोग हुने कपडा र कपडाका सामानः | | |
| | १ तेल छान्ने कपडा | १०% | ०.५०% |
| | २ अन्य | १०% | ०.५०% |
| ६२–०१ | भ्रमणमा काम लाग्ने दोलाइ र कम्बलहरू: | | |
| | (ख) ऊन वा जीव-जन्तुको मसिनो रौंबाट बनेको अरू कम्बल, दोलाइ | २०% | ०.५०% |
| | (घ) कृत्रिम रेशाको कम्बल, दोलाइ | २०% | ०.५०% |
| | (ङ) अन्य रेशाको कम्बल, दोलाइ | २०% | ०.५०% |
| ६२–०३ | सामान भर्ने बोरा र झोला: | | |
| | (क) सनपाटको (बोरा) | १५% | ०.५०% |
| | (ख) अन्य | १५% | ०.५०% |
| ६२–०५ | अरू कपडाको तयारी सामानहरू (पोशाकको नमूना समेत): | | |
| | ४ छाताको खोल | १५% | ०.५०% |
| ६४–०२ | बाहिरी तलुवा छालाको वा मिश्रित छाला भएको जुत्ता, बाहिरी तलुवा रबरको वा कृतिम लचकदार पदार्थको जुत्ता (संकेत नं. ६४–०१ को पाउपोस बाहेक): | | |
| | १ सम्पूर्ण छालाको | ३०% | ०.५०% |
| | २ सूतीको कपडाको जुत्ता | १०% | ०.५०% |
| | ३ अन्य | ३०% | ०.५०% |
| ६५–०५ | निटेड वा क्रोचेटेड वा अन्य पदार्थका लामो टुकुडा (स्ट्रिप बाहेक) जमोठका सूजालीका कपडाबाट बनेको टोप र अन्य शिरपोस (कपालमा लाउने जाली समेत): | | |
| | १ कपालमा लाउने जाली | २०% | ०.५०% |
| | २ अन्य | २०% | ०.५०% |
| ६६–०१ | छाता र घाम छल्ने बस्तु (सनसेड) (टेक्ने लट्ठी, छाता, छाताको पाल, बगैंचाको छाता र यस्त छाताहरू समेत) | १५% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६१

| | | | |
|---|---|---|---|
| ७०–११ | बिजुलीको चिम इलेक्ट्रोनिक भल्भको वा यस्तै सामानको काँचबाट बनेको बाहिरी छादन वा खोल (बल्ब र ट्यूब समेत) | १५% | ०.५०% |
| ७०–१२ | थरमस [(भ्याकुम फल्यावस) वा अर्धभ्याकुम भसेलको लागि काँचको भित्री भाग | १५% | ०.५०% |
| ७०–१७ | प्रयोगशाला, आरोग्यसम्बन्धी वा औषधि उत्पादनका काँचका मालमत्ता क्रमबद्ध गरेको वा नगरेको वा तापक्रम ठीक पारिएको वा नपारिएको काँचको इञ्जेक्शन भएको शीशी (एम्पुल) | ५% | ०.५०% |
| ७३–३५ | फलाम वा इस्पातको स्प्रिङ्ग र पाता:<br>१ मोटर गाडीको प्रयोगको लागि | १५% | ०.५०% |
| ८२–०८ | कफी बनाउने मेशिन, धूलो बनाउने मेशिन, दाना निचोरी रस झिक्ने मेशिन र अन्य मेशिन १० किलो ग्राम भन्दा बढी वजन नभएको घर व्यवहारको प्रयोजनको लागि खाना बनाउने, पल्किने वा खाना वा पानी ठीक अवस्थामा राख्ने सामान | १५% | ०.५०% |
| ८३–०१ | ताल्चा र ढोकाको ताल्चा (साँचो सहित भएको वा बिजुलीले चल्ने) र आधारभूत धातुबाट बनेको यसको पार्टपूर्जा, ताल्चा समेत भएको फ्रेम, हाते ब्यागको लागि, कन्तुरको लागि वा यस्तै सामानको लागि र तिनका पार्टपूर्जा माथि उल्लिखित आधारभूत धातुको सामानको लागि धातुको साँचो | १५% | ०.५०% |
| ८३–०२ | फर्निचर, ढोका, भन्याङ्ग, झ्याल, पर्दा, कौच, घोडाको काठी, कन्तुर पेटारी र यस्तै सामानको लागि उपयुक्त खालका आधारभूत धातुको फिटिङ्ग (मिल्ने जोड्ने) र माउण्टिङ्ग उचाल्ने | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ८३–११ | आधारभूत धातुबाट बनेको घण्टी, घण्ट बिजुलीको बाहेक र आधारभूत धातुबाट बनेको घण्टीको पार्टपूर्जा: | | |
| | २ अन्य | १५% | ०.५०% |
| ८४–११ | हावाको पम्प र कम्प्रेसर र फि–पिस्टन जेनेरेटर, ग्याँस र टर्बाइनको लागि पंखा हुम्किने सामान वा यस्तै सामानः | | |
| | (क) पम्प र कम्प्रेसरः | | |
| | २ मोटर कम्प्रेसर | १५% | ०.५०% |
| | ३ एयर कन्डीसनर र रेफ्रिजेरेटरको कम्प्रेसर | १००% | ०.५०% |
| | ४ अन्य | १५% | ०.५०% |
| ८४–१५ | रेफ्रिजेरेटर र रेफ्रिजेरेटिङ्ग उपकरण (बिजुलीको र अन्य): | | |
| | (क) घर व्यवहारको रेफ्रिजेरेटर डिफिजर कोठा भएको वा नभएको | ११०% | ०.५०% |
| | (ख) डिफिजर घर व्यवहारमा काम लाग्ने खालको | ११०% | ०.५०% |
| | (ग) अन्य रेफ्रिजेरेटर र रेफ्रिजेरेटिङ्ग उपकरण | ११०% | ०.५०% |
| ८४–४० | लुगा धुने, सफा गर्ने, सुकाउने, रंगाउने, ड्रेस गर्ने, तयार गर्ने वा कपडाको धागो कोट गर्ने वा तयारी लुगा तयार गर्ने मेशिन (लाउण्ड्री र ड्राइक्लिनिङ्ग मेशिनरी समेत) लुगा पट्याउने, बेर्ने वा काट्ने मेशिन, जमीन ढाक्ने लिनोलियम जस्ता पदार्थ बनाउने मेशिन, कपडा, छाला, वालपेपर, बेर्ने कागज, लिनोलियम वा अन्य सामान इन्प्रेडराइज्ड वा इण्ड पातामा ढिकामा वा त्यसको रोलमा बुट्टा वा रंगाउने काममा आउने मेशिनः | | |
| | (क) लुगा धुने मेशिन बढीमा ६ के.जि. नभिजेको लुगा धुन सक्ने क्षमता भएको | ७०% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (ख) ६ के. जि. भन्दा बढी नभिजेको लुगा धून सक्ने क्षमता भएको लुगा धुने मेशिन | ७०% | ०.५०% |
| ८४-५२ | क्यालकुलेटिङ्ग मेशिन, एकाउण्टिङ्ग मेशिन, क्यास रजिष्टर पोस्टेज प्याकिङ्ग मेशिन, टिकट काट्ने मेशिन र क्यालकुलेशन गर्ने उपकरण भएका जस्तै मेशिनः | | |
| | (क) डेस्क बिजुलीबाट चल्ने क्यालकुलेटर सहितको क्यालकुलेटिङ्ग मेशिन | २५% | ०.५०% |
| ८४-६२ | डल्ला, रोलर वा भूई रोलर बियरिङ्ग | ३०% | ०.५०% |
| ८४-६३ | ट्रान्समिसनको साफ्ट क्रेक बियरिङ्ग हाउसिङ्ग प्लेम साफ्ट बियरिङ्ग गियर र गियरिङ्ग (फिक्सन गियर गेयर बक्स अन्य विभिन्न प्रकारका स्पीड गियर समेत) फ्लाइटिहल्स, पुली, पुली क्लचेक क्लज र साफ्टकुपलिङ्गः | | |
| | १ गेडी भएको वा नभएको जुनसुकै प्रकारको धातुको बेयरिङ्ग (भेहिकलको) | ३०% | ०.५०% |
| ८५-०६ | बिजुलीका घरेलु प्रयोगमा काम लाग्ने मेशिनरी र उपकरणहरू स्वयं रोकिनेमा चल्ने बिजुलीका मोटर सहितः | | |
| | (ख) हावा आवत जावत गर्न सक्ने झापन वा ढकनीहरू र कोठाको पंखाहरू | २५% | ०.५०% |
| ८५-१० | यताउति सार्न हुने बिजुलीको ब्याट्री र चुम्बकीय बत्तीहरू, संकेत नं. ८५-०९ मा परेका बत्तीहरू बाहेक | २०% | ०.५०% |
| ८५-१२ | बिजुलीका क्षण स्थायी वा जोडी राखिएका पानी तताउने हिटरहरू र पानीमा चुर्लुम्म डुबाएर पानी तताउने हिटरहरू र माटो तताउने बिजुलीका उपकरणहरू, बिजुलीका स्थान तताउने उपकरणहरू, बिजुलीका | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | कपाल बनाउने उपकरणहरू, (जस्तो हेयर ड्रायर, हेयर कलर वा घुंघुऱ्याउने काममा हातले नछुइकन लगाउने हिटरहरू),बिजुलीका इस्त्रीहरू, बिजुलीद्वारा घरेलु प्रयोगको लागि तताउने उपकरणहरूमा बिजुलीको ताप अवरोधक कार्वन बाहेक अन्य उपकरणहरू: | | |
| | (ख) बिजुलीका माटो तताउने उपकरणहरू र स्थान तताउने उपकरणहरू | २०% | ०.५०% |
| | (घ) बिजुलीका इस्त्रीहरू | २०% | ०.५०% |
| | (ङ) बिजुलीको घरेलु प्रयोगको निम्ति तताउने उपकरणहरू | २०% | ०.५०% |
| ८५-१३ | बिजुलीका लाइन, टेलिफोन-टेलिग्राफका उपकरणहरू (संवाहक धारा पद्धतिको लाइनका उपकरणहरू) समेत: | | |
| | (क) टेलिफोन सेट | २०% | ०.५०% |
| ८५-१५ | रेडियो टेलिग्राफ र रेडियोसम्बन्धी सञ्चालक (ट्रान्समीटर) र बेतार संकेत ग्रहण गर्ने उपकरणहरू, रेडियो प्रसारण र टेलिफोन संचारक र वेतार संकेत ग्रहण गर्ने उपकरणहरू प्रसारित लाइनहरूलाई प्रकाश र ध्वनीमा परिवर्तन गर्ने यन्त्र (रिसिभर जसमा आवाज संग्रह गर्ने र आवाज प्रसारण गर्ने यन्त्र पनि समावेश भएको सहित र टेलिभिजन क्यामराहरू, रेडियो एरियल सम्बन्धी सहायता पुऱ्याउने उपकरणहरू) हवाईजहाजको विस्तार दिशा पत्ता लगाउने उपकरणहरू र रेडियोका टाढासम्म आवाज पुऱ्याउने र रोक्ने उपकरण: | | |
| | (ख) रङ्ग देखिने टेलिभिजनका रिसिभरहरू ध्वनी (आवाज) संग्रह र प्रसारण गर्ने यन्त्र समेत भएका रिसिभरहरू | ७०% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (ग) रङ्गको विभिन्न छायामा लेखिएको चित्र देखिने टेलिफोन ध्वनी (आवाज) संग्रह र प्रसारण गर्ने यन्त्र समेत भएको रिसिभर सहित | ७०% | ०.५०% |
| | (घ) रेडियो प्रसारण रिसिभरहरू, मोटरगाडीमा फिट गर्न हुने गरी तयार गरिएका र ध्वनी संग्रह र ध्वनी प्रसारण गर्ने यन्त्र सहित भएका रिसिभरहरू समेत | ५०% | ०.५०% |
| | (ङ) पोर्टेवल रेडियो, प्रसारण रिसिभर, ध्वनी संग्रह र उत्पादन गर्ने यन्त्र समेत भएका रिसिभरहरू समेत | ५०% | ०.५०% |
| | (च) अन्य रेडियो प्रसारण रिसिभरहरू ध्वनी संग्रह र उत्पादन गर्ने यन्त्र, यन्त्र समेत भएका रिसिभरहरू समेत | ५०% | ०.५०% |
| ८७–०२ | मानिस, सामान वा पदार्थको यातायातको प्रयोगको मोटरगाडी (खेलकूदको मोटरगाडी समेत सङ्केत नं. ८७–०९ अन्तर्गत पर्ने बाहेक): | | |
| | (क) १ मोटरकार, ल्याण्डरोभर, स्टेसन वाइगन, जीप क्रस कन्ट्रीकार, भ्यान, पिकअप भ्यान र माइक्रोबस | ११०% | ०.५०% |
| | २ तीन पाङ्ग्रे सवारी र ढुवानीको साधन (अटोरिक्सा) | १५% | ०.५०% |
| | (ख) सार्वजनिक यातायात किसिमका सवारीका साधन: | | |
| | १ मिनी बस १२ सिटदेखि ३५ सिटसम्मको | ७०% | ०.५०% |
| | २ अन्य | २०% | ०.५०% |
| | (ग) अन्य | २०% | ०.५०% |
| ८७–०४ | सङ्केत नं. ८७–०१, ८७–०२ वा ८७–०३ अन्तर्गत पर्ने सवारीका साधनको इञ्जिनमा फीट गरेको चेसिस: | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | २ बस, ट्रक वा लहरीको लागि | २०% | ०.५०% |
| | ४ अन्य सवारीको लागि | ७०% | ०.५०% |

८७–०४ पछिको द्रष्टव्यमा निम्न कुराहरू थप गरिएको छ ।

द्रष्टव्य:

तर त्यस्तो ट्रेक्टर ३ महीना भन्दा बढी बसेकोमा दैनिक रू. ५००।– का दरले बढी बसेका प्रत्येक दिनको भन्सार महसूल लाग्नेछ ।

| | | | |
|---|---|---|---|
| ८७–०६ | सङ्केत नं. ८७–०१, ८७–०२ वा ८७–०३ अन्तर्गत पर्ने मोटर गाडीका पार्टपूर्जा र सहायक उपकरण | १५% | ०.५०% |
| ८७–०६ | मोटरसाइकल, अटोसाइकल र सहायक मोटरमा साइकल फीट गरेको साइड कार: | | |
| | १ ५० सी. सी. सम्मको | ३०% | ०.५०% |
| | २ अन्य | ३०% | ०.५०% |
| ८७–१३ | केटाकेटीको वाहन र त्यसको पार्टपूर्जा | १५% | ०.५०% |

द्रष्टव्य:

आर्थिक ऐन, २०४७ को संकेत नं. ८७–१४ पछिको द्रष्टव्य खारेज गरी निम्न लेखिएबमोजिमको व्यहोरा कायम गरिएको छ ।

अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लेण्डरोभर, जीप, ट्रक, लहरी भ्यान र मोटरसाइकल आदि सवारीका साधनहरू तिनका टेलर समेतमा निम्न लेखिएबमोजिम भन्सार महसूल लगाई असूल उपर गरिनेछ ।

(क) पर्यटकहरूले कार्नेमा ल्याएको गाडी वा मोटरसाईकलमा ६ महीनासम्म अस्थायी पैठारी महसूल लाग्ने छैन सो अवधिभित्र फिर्ता लैजानु पर्नेछ। एउटै कार्ने अन्तर्गत सवारीको साधन ६ महीना भित्रै पटक पटक ल्याउने लैजाने गरेमा पहिलो पल्ट प्रवेश गरेको मितिले ६ महिनाको गन्ती गरिनेछ । तर एउटै सवारीको साधन अर्को (नयाँ) कार्ने अन्तर्गत ६ महिना भित्रै फेरि ल्याएमा पुनः ६ महिनासम्म अस्थायी पैठारी महसूल नतिरी चलाउन पाउनेछ । पर्यटकहरूले कार्नेमा ल्याएको गाडी वा मोटरसाईकल ६ महिना भित्र फिर्ता नगरिएमा स्वतः जफत हुनेछ ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका कार्ने नभएका सवारीको साधनमा ७ दिनसम्म कुनै महसूल नतिरी अधिराज्य भित्र राख्न पाइनेछ । त्यसपछि ३० दिन सम्मको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनको रू. १००।– का दरले अस्थायी पैठारी महसूल लाग्नेछ । सो ३० दिनभन्दा पनि बढी बस्नु पर्ने भएमा ३० दिन पछिको अरू ३० दिनमा रू. २००।– प्रति दिन अस्थायी महसूल लाग्नेछ । तर मोटरसाईकल तथा स्कूटरको हकमा पहिलो ३० दिनको रू. २५।– र पछिल्लो ३० दिनको लागि रू. ५०।– महसूल लाग्नेछ । तीन पांग्रे सवारीको साधनमा प्रति दिन रू. २।– लाग्ने छ र १५ दिनभन्दा बढी राख्न पाइने छैन ।]

तर यस्ता सवारीका साधनहरू उपरोक्त तोकिए बमोजिमको अवधिभन्दा बढी बसेको फेला परेमा जरिवाना स्वरूप दैनिक रू. ५००।– का दरले महसूल असूल गरिनेछ । यस्तो रकम गाडीको मोल र त्यसमा लाग्ने महसूलभन्दा बढी हुने छैन ।

(ग) कार्नेमा ल्याएका गाडी (मोटर भेहिकल्स) वा मोटरसाईकल श्री ५ को सरकारले स्वीकृति दिएमा बाहेक नेपाल अधिराज्य भरी बेचबिखन, दान-उपहार तथा नामसारी समेत गर्न पाइने छैन । तर श्री ५ को सरकारको स्वीकृति लिई बेचबिखन, दान उपहार तथा नामसारी गराएमा वा गरेमा लाग्ने भन्सार महसूलको अतिरिक्त थप ५० प्रतिशत भन्सार महसूल लाग्नेछ ।

(घ) सामानहरूको परिवहनको लागि गाडीहरूलाई अस्थायी रूपमा ६ महिनासम्म पैठारी गर्न सकिन्छ । यस्तोमा अस्थायी पैठारी महसूल लिइनेछ । त्यस्तो अस्थायी पैठारी महसूल भेरी अञ्चल र सो भन्दा पूर्वका ईलाकाहरुको लागि पैठारी भएकोमा प्रति दिनको रू. ३००।– का दरले र भेरी अञ्चल भन्दा पश्चिमको ईलाकाको लागि पैठारी भएमा प्रति दिनको रू. २००।– का दरले असूल गरिनेछ ।

(ङ) अस्थायी पैठारी गरी ल्याएका सवारीका साधनहरू नेपाल अधिराज्य भित्र झुट्टा विवरण दिई बसेको ठहरेमा स्वतः जफत हुनेछ ।

(च) साथै विदेशबाट माल लादी ल्याएको ट्रकलाई सो माल चाहिने ठाउँमा गिराउन निमित्त ७२ घण्टा भित्रसम्म सो ट्रकको अस्थायी पैठारी महसूल लिइने छैन । तर यस्तो ट्रकले भन्सारको क्षेत्र भित्र राखेको माल बाहेक अन्यत्र कतैबाट पुनः माल लादी निकासी गरेमा, सो ट्रकको अस्थायी महसूल लिइनेछ । भन्सार एरिया भित्र राखिएको ट्रकको अस्थायी महसूल लिइनेछ । भन्सार एरिया भित्र राखिएको माल विदेशबाट आउने जुनसुकै लहरी ट्रकले पनि नेपाल भित्र प्रवेश गरेको ७२ घण्टा भित्र माल लादी लगेमा त्यस्तो ट्रक लहरीलाई पनि अस्थायी महसूल लिइने छैन ।



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) श्री ५ को सरकारबाट भन्सार सुविधा वा महसूल सुविधा पाई वा श्री ५ को सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसूल लिने वा महसूल छूट दिने निर्णयबाट पैठारी भएका मोटरकार आदि सवारीको साधनहरू आफूले उपयोग गरी बिक्री गरेमा वरिजनल मूल्यमा ५ वर्षसम्मलाई वर्षको सयकडा १० प्रतिशतका दरले ह्रास कट्टा गरी सो बाँकी मूल्यमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छूट दिइने छ र बिक्रीकर लाग्ने छैन। तर यस्तो सुविधा नेपाल प्रवेश गरेको पाँच वर्ष अवधि भुक्तान भैं सकेको सवारी साधनलाई र व्यक्तिको हकमा नेपालमा पदाधिकार रहँदा एक पटक मात्र दिइनेछ।

| | | | |
|---|---|---|---|
| ९०–०७ | फोटोग्राफी सम्बन्धी क्यामराहरू, फोटोग्राफी सम्बन्धी फ्ल्यास लाइट उपकरण र फ्ल्यास बल्बहरू (संकेत नं. ८५–२० को डिस्चार्ज बत्ति बाहेक): | | |
| | (क) क्यामराहरू | ३०% | ०.५०% |
| | (ख) फोटोग्राफी सम्बन्धी फ्ल्यास लाइटको उपकरण र फ्ल्यास ट्यूब (संकेत नं. ८५–२० को डिस्चार्ज बत्ती बाहेक) | ३०% | ०.५०% |
| ९०–२८ | विद्युत मापक जाँच्ने, विश्लेषण गर्ने अथवा स्वतः नियन्त्रक ओजार एवम् यन्त्रहरू: | | |
| | (क) विद्युत स्वतः नियामक (नियन्त्रक) | १५% | ०.५०% |
| ९१–०१ | जेबी घडी, नाडी घडी र अन्य घडी विराम (स्टोपवाच) समेत | ३०% | ०.५०% |
| ९१–०४ | अन्य दिवाल घडी | ३०% | ०.५०% |
| ९२–०७ | विद्युत चुम्बकीय, विद्युत शक्तिले स्थिर गरिने इलेक्ट्रोनिक र यस्तै प्रकारका वाद्य यन्त्र (जस्तै पियानो, एकोडियन र अरगान बाजा) | ३०% | ०.५०% |
| ९२–१२ | ग्रामोफोनको रिकर्ड र अन्य आवाज वा यस्तै आवाज रिकर्ड गर्ने, रिकर्ड उत्पादन गर्ने स्याट्रीक्स, यान्त्रिक सहायताले ध्वनि रिकर्ड गर्न तयार गरेको खाली रेकर्ड, तयारी | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | टेप, तार, टुक्रा, आवाज वा यस्तै रिकर्ड गर्ने काममा सामान्यतया प्रयोग हुने सामान: | | |
| | २ कम्प्युटर डिस्केट वा यस्तै | १०% | ०.५०% |
| | ३ अन्य | ३०% | ०.५०% |
| ६४–०४ | स्प्रिंग वा कमानी वा धातुका जाली (मेस) हरू जडान भएका खाट, पलङ्गहरू (म्याट्रेस सपोर्ट), स्प्रिंग जडिएका भित्र केही वस्तु कोचेको, हालेको वा कसेको, फुलाएको फोम वा स्पंज रबरको वा फुलाएको फोम वा स्पंज कृत्रिम प्लाष्टिक पदार्थको ढाकिएको वा नढाकिएको, ओछ्यान र वर-बिछ्यौनाका सामानहरू (उदाहरणको लागि डसना, सिरक, दोलाई र हाँस आदि चराका मुलायम भुवा भरेको सिरक, दोलाई, गद्दा, नरम वस्तु कोचेको कवच र तकिया): | | |
| | ४ सिरक, दोलाई र पल्ला | २०% | ०.५०% |
| ९६–०५ | पाउडर पफ र प्याड श्रृङ्गारको कामको लागि वा सफाइको परिकार जुनसुकै पदार्थको | ३०% | ०.५०% |
| ९७–०१ | केटाकेटीले चढ्न हुने गरी बनाइएको पांग्रा भएको खेलौना (जस्तै खेलौना, साइकल, तीन पांग्रा साईकल खुट्टाले चलाउने मोटर-कार) बच्चा गाडी र पुतलीको घच्याउने कुर्सी: | | |
| | १ बच्चा गाडी र घिच्याउने कुर्सी | १५% | ०.५०% |
| | २ अन्य | १५% | ०.५०% |
| ९७–०२ | पुतली | १५% | ०.५०% |
| ९७–०३ | अन्य खेलौना, काम गर्ने नमूना, मनोरञ्जनको काममा प्रयोग हुने: | | |
| | १ इलेक्ट्रोनिक गेमहरू, भिडियो गेम समेत | ३०% | ०.५०% |



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ९६–०२ | स्लाइड फास्नर र त्यसको पार्टपूर्जा (जीप फास्नर): | | |
| | १ स्लाइड फास्नर, जीप फास्नर | ५०% | ०.५०% |
| ९६–१० | मेकानिकल लाइटर र यस्तै लाइटर, रासायनिक वा बिजुलीको लाइटर र यिनीहरूको पार्टपूर्जा समेत तर लाइटरको पत्थर र सलेदो बाहेक | ७०% | ०.५०% |
| ९६–१४ | व्यक्तिगत सजावटको काममा प्रयोग हुने अत्तर, यस्तै स्प्रेयर (पचका) र तिनीहरूको टुप्पो र माथिल्लो भाग | ३०% | ०.५०% |
| ९६–१५ | भ्याकुम फ्ल्यास्क र अन्य भ्याकुम फ्ल्यास्क भाँडा बट्टा सहितको तयारी, त्यस्को पार्टपूर्जा भित्र काँच भएको बाहेक | १५% | ०.५०% |

द्रष्टव्य:

१. यस अनुसूचीमा उल्लेख भएको व्यवस्था बाहेक भन्सार महसूल दरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४७ बमोजिम हुनेछ ।

२. **अतिरिक्त भन्सार महसूलः**

(क) साधारण भन्सार महसूल लाग्ने मालवस्तुको मूल्यमा वेहायबमोजिमको थप अतिरिक्त भन्सार महसूल लाग्नेछ ।

| साधारण भन्सार महसूल दर | अतिरिक्त भन्सार महसूल दर |
|---|---|
| (क) ५ प्रतिशत र १० प्रतिशतमा | २५ प्रतिशत |
| (ख) १५ प्रतिशत र २० प्रतिशतमा | ३५ प्रतिशत |
| (ग) २५ प्रतिशत र ३० प्रतिशतमा | ४५ प्रतिशत |
| (घ) ५० प्रतिशत र सो भन्दा माथि | ५५ प्रतिशत |

तर, नेपालमा उत्पादन हुने खालको शत प्रतिशत कृत्रिम रेशा वा कृत्रिम रेशा तथा ऊनी धागोको मिश्रणबाट बुनिएको कपडाको पैठारी मूल्यमा १०० प्रतिशत अतिरिक्त भन्सार महसूल लगाई असूल गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समिकारक महसूलः

नेपाल अधिराज्यमा मालवस्तुहरू पैठारी हुँदा नेपालमा ती मालवस्तुहरूमा जति अन्तशुल्क लाग्ने गरेको छ, सो बराबरको दरमा समिकारक Countervailing महसूल लगाई असूल गरिनेछ। तर देहायको अवस्थामा निम्नबमोजिम हुनेछ :

(क) औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हु ने मालवस्तुहरू उद्योगले पैठारी गर्दा त्यस्तो मालवस्तुको पैठारीमा समिकारक महसूल लाग्ने छैन ।

(ख) अन्तःशुल्क दरबन्दीमा उल्लेख भएको तर नेपाल अधिराज्यमा हालसम्म उत्पादन भै नसकेका मालवस्तु पैठारी हुँदा समिकारक महसूल लाग्ने छैन ।

(ग) चिनीको पैठारीमा समिकारक महसूल लाग्ने छैन ।

(घ) सिमेन्टको पैठारीमा समिकारक महसूल लाग्ने छैन ।

४. विविधः

(क) गुण्टा, झिटी, भारी आदेशानुसार यात्रुहरूले विदेशबाट आफूसँग ल्याएको वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको माल सामानमा साधारण भन्सार महसूल, अतिरिक्त भन्सार महसूल तथा समिकारक महसूलको सट्टामा निम्नबमोजिम समदरको भन्सार महसूल दर लाग्नेछः

(१) २० प्रतिशतसम्म साधारण भन्सार महसूल लाग्ने मालवस्तुमा — ५० प्रतिशत

(२) २० प्रतिशत भन्दा बढी ३० प्रतिशतसम्म साधारण भन्सार महसूल लाग्ने मालवस्तुमा — ७५ प्रतिशत

(३) ३० प्रतिशत भन्दा बढी ७० प्रतिशतसम्म साधारण भन्सार महसूल लाग्ने मालवस्तुमा — १२५ प्रतिशत

(४) ७० प्रतिशत भन्दा बढी साधारण भन्सार महसूल लाग्ने माल वस्तुमा — १७५ प्रतिशत

तर, अतिरिक्त भन्सार महसूल नलाग्ने गरी तोकिएका मालवस्तुहरूमा पैठारी हुँदा समदर नलगाई प्रचलित साधारण भन्सार महसूल दर मात्र लागू हुनेछ ।

(ख) देहायका मालवस्तुहरू पैठारीमा अतिरिक्त भन्सार महसूल लाग्ने छैन:

(१) जडान उद्योग बाहेक अन्य उद्योगहरूले पैठारी गर्ने मेशिनरी तथा उत्पादनकै अवस्थामा बिक्रीकर बुझाउने उद्योगहरूले पैठारी गर्ने कोरामाल, सहायक कोरामाल र रासायनिक पदार्थ तथा प्याकिङ मेटेरियलसमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

862

तर जडान गर्ने (एसेम्ब्लिङ्ग) उद्योगको हकमा खण्ड (ज) बमोजिम हुनेछ ।

(२) औषधि र औषधोपचारका उपकरण तथा मालसामान ।

(३) कृषि औजार तथा बालीनालीमा प्रयोग हुने कृषिसम्बन्धी किटनाशक औषधि ।

(४) अखबार छाप्ने कागज ।

(५) कच्चा ऊन ।

(६) सिंचाइको लागि प्रयोग हुने पम्प र ट्यूबवेल तथा तिनका पार्टपूर्जा ।

(७) वैज्ञानिक प्रयोगशालासम्बन्धी उपकरण तथा त्यसका पार्टपूर्जा ।

(८) कम्प्युटर र त्यससँग सम्बद्ध उपकरण तथा त्यसका पार्टपूर्जा ।

(९) सुन र त्यसका गहना (झिटी, गुण्टा आदेश अनुसार आयश्रोतका आधारमा पैठारी हुने मात्र ) ।

(१०) चिनी ।

(११) तोरी, सरस्यूँ, तिल, मकै, भटमास, बदाम (मुङफली) र सूर्यमुखिको प्रशोधित खाद्य तेल ।

(१२) धुलो दुध, शिशु आहार ।

(१३) जिरा, मरिच, धनियाँ ।

(१४) दुधदानी र दुधदानीको मुन्टो ।

(१५) सुति कपडा, सुति साडी ।

(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व रहेको संघ संस्था वा पब्लिक लिमिटेड कम्पनीहरूबाट घरेलु उद्योगहरूलाई उपलब्ध गराउन गन मेटल पठारी गरेमा लाग्ने अतिरिक्त भन्सार महसूलमा असी प्रतिशत छूट हुनेछ ।

(घ) अतिरिक्त भन्सार महसूल छूट भएका मालवस्तु उत्पादन गर्ने उद्योगले कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ पैठारी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थको पैठारीमा अतिरिक्त भन्सार महसूल लाग्ने छैन ।

(ङ) भारतबाट पैठारी हुने सबै प्रकारका मालवस्तुमा लाग्ने अतिरिक्त भन्सार महसूल पूर्ण रूपमा छूट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

8608

(च) अधिकतम सौविध्य प्राप्त मुलुकबाट तथा सार्कका सदस्य भएका मुलुकबाट पैठारी हुने सामानमा लाग्ने अतिरिक्त भन्सार महसूलमा ५ प्रतिशत छूट दिइनेछ।

(छ) जन गणतन्त्र चीनको स्वसाशित क्षेत्र तिब्बतबाट पैठारी हुने मालसामानमा लाग्ने अतिरिक्त भन्सार महसूलमा ५० प्रतिशत छूट हुनेछ।

(ज) सबै किसिमका जडान उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (रासायनिक पदार्थ बाहेक) को पैठारीमा थप पन्ध्र प्रतिशत अतिरिक्त भन्सार महसूल लाग्नेछ।

(झ) बिक्रीकर दरबन्दीमा उल्लेख नभएका र बिक्रीकर दरबन्दीमा माफी जनिएका वस्तुहरू उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ मेटेरियलमा लाग्ने अतिरिक्त भन्सार महसूल छूट हुनेछ।

(ञ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाको पूर्ण वा आँशिक स्वामित्व रहेको संस्था वा पब्लिक लिमिटेड कम्पनीबाट घरेलु उद्योगहरूलाई बिक्री गर्ने उद्देश्यले आयात गरिने प्लाष्टिक, पोलिथिन र पि.भि.सी. मा आधारित कच्चा पदार्थको पैठारीमा लागेको अतिरिक्त महसूलमा ८० प्रतिशत छूट दिइनेछ।

(ट) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व रहेको संस्थाको पूर्ण वा आँशिक स्वामित्व रहेको संस्था वा पब्लिक लिमिटेड कम्पनीबाट घरेलु उद्योगहरूलाई बिक्री गर्ने उद्देश्यले आयात गरिने तामा र पितलका पत्र, पितलका तार, इन्गट तथा सिटहरूमा लाग्ने अतिरिक्त महसूलमा ८० प्रतिशत छूट हुनेछ।

(ठ) छाला उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ तथा रासायनिक पदार्थको पैठारीमा अतिरिक्त भन्सार महसूल लाग्ने छैन।

(ड) नेपाली लेखक वा प्रकाशकले नेपाल अधिराज्य बाहिरबाट मुद्रण गरी पैठारी गरेको पुस्तकमा व्यावसायिक छपाइ वापत १० प्रतिशत महसूल दर मात्र लाग्नेछ।

(ढ) तयारी पोशाक उद्योगले कच्चा पदार्थको रूपमा पैठारी गर्ने रेयन कपडामा सूती कपडामा लाग्ने भन्सार महसूल बराबरको बैंक ग्यारेण्टी लिई बण्डेड वेयरहाउसमा राख्न पाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४६५

(ण) निम्न लिखित मालवस्तुको पैठारीमा लाग्ने भन्सार महसूल पूर्ण रूपले छूट दिइनेछ ।

(१) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्य बाहिरबाट छपाइ ल्याएको स्तरीय प्रचार सामग्री,

(२) सौर्यशक्ति, गोबरग्याँस लगायत सबै वायोग्याँसको लागि आवश्यक पर्ने उपकरणहरू र त्यसका पार्टपूर्जाहरू,

(३) ट्रलिबस सेवा सञ्चालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलिबस तथा त्यसका पार्टपूर्जाहरू,

(४) स्वीकृति प्राप्त स्तरीय अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू र

(५) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारहरूको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरू ।

(त) नेपाल अधिराज्यमा खिचिएको सिनेमासम्बन्धी फिल्म तथा फोटो फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेश लगी पुनः पैठारी गरेकोमा त्यसमा लागेको मूल्यको १० प्रतिशत साधारण भन्सार महसूल मात्र लाग्नेछ ।

(थ) भारतबाट डि.आर.पी. (ड्यटी रिफण्डेबल प्रोसेड्यूर) फारामद्वारा पैठारी हुने मालवस्तुमा अनुसूची १ बमोजिम साधारण भन्सार महसूल दर लागू हुनेछ । यसरी डि.आर.पी. अन्तर्गत पैठारी हुने मालसामानको भन्सार प्रयोजनको लागि मूल्य कायम गरिदा भारत सरकारबाट फिर्ता हुने शुल्क र करको रकम घटाइ कारखाना वा डिपो मूल्यमा ढुवानी र विमा वापतको रकम जोडिनेछ । यसरी कायम हुने मूल्यमा साधारण भन्सार महसूल दर अनुसार महसूल हिसाब गरी त्यसमा भारत सरकारले फिर्ता गर्ने रकम घटाइ बाँकी रकम मात्र असूल गरिनेछ ।

(द) औषधि उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ तथा पैकिङ्ग मेटेरियल्स (बोतल समेत) मा एक प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र यसमा औषधि व्यवस्था विभागको सिफारिश हुनु पर्नेछ ।

(ध) सबै किसिमका उद्योगहरूले उत्पादन गर्ने माल वस्तुहरू विदेशबाट आयात गर्दा लाग्ने भन्सार महसूल दर भन्दा सो वस्तु उत्पादन गर्न आवश्यक पर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८६०

कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थमा भन्सार महसूल दर बढी रहेछ भने त्यस्ता पदार्थहरूको पैठारीमा उत्पादित तयारी वस्तुमा लाग्ने भन्सार दर भन्दा एक तह मुनिको भन्सार महसूल दर लगाई भन्सार महसूल असूल गरिनेछ । तर, यस्तो छूट दिंदा भन्सार महसूल ५ प्रतिशत मात्र लाग्ने भएमा सो ५ प्रतिशतमा ५० प्रतिशत कम गरी भन्सार महसूल असूल गरिनेछ । यस किसिमको सुविधा उद्योग विभाग वा घरेलु उद्योग विभागले तोकी दिएको परिमाणसम्मको लागि मात्र प्रदान गरिनेछ ।

(न) स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि छाप्ने मेशिन, मेशिनरी पार्टपूर्जा तथा उपकरण, छाप्ने टाइप, ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट फिल्म तथा केमिकलहरू पैठारी गरेमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छूट हुनेछ ।

(प) आल्मोनियम उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थमा लाग्ने साधारण तथा अतिरिक्त भन्सार महसूल दरमा ५० प्रतिशत छूट दिइनेछ ।

(फ) उद्योगको उत्पादन कार्यका लागि मुख्य रूपमा प्रयोग हुने यन्त्र, उपकरण तथा औजारहरू उद्योगको स्वीकृति स्कीम बमोजिम उद्योग स्थापनाको लागि पहिलो पटक आयात गर्दा त्यस्ता यन्त्र उपकरण तथा औजारहरूमा लाग्ने भन्सार महसूलमा ८० प्रतिशत छूट दिइनेछ ।

(ब) निम्न उद्योगहरूले उद्योगको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ्ग मेटेरियलसको रूपमा प्रयोग गर्ने निम्न वस्तुहरूको पैठारीमा लाग्ने साधारण भन्सार महसूलको दरमा आंशिक छूट दिई देहायबमोजिम साधारण महसूल लाग्ने गरिएको छ ।

| मालवस्तुको नाम, दर | साधारण भन्सार महसूल |
|---|---|
| (१) विद्युत ट्रान्सफरमर उद्योगको लागि ट्रान्सफरमर क्याबिनेट:– | १० प्रतिशत |
| (२) टुथ पेष्ट उद्योगको लागि आल्मुनियम ट्यूब:– | १० प्रतिशत |
| (३) पेन्ट उद्योगको लागि कच्चा रंग:– | १५ प्रतिशत |
| (४) ब्रुअरी उद्योगले पैठारी गर्ने प्लाष्टिक बोतल:– | १० प्रतिशत |
| (५) कृषि औजार उद्योगले पैठारी गर्ने कच्चा पदाथ:– | ५ प्रतिशत |
| (६) १५ प्रतिशत भन्दा बढी साधारण भन्सार महसूल लाग्ने अन्य सबै उद्योगको प्याकिङ्ग मेटेरियलमा:– | १५ प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४६०

(भ) औषधि उद्योगको लागि आवश्यक पर्ने प्याकिङ्ग मेटेरियलहरू ग्याँस बोतल, भल्भ, एम्पुल्स, रबर प्लग, आल्मुनियमका क्याप, प्लाष्टिक वा आल्मुनियम हेगर वेल्ट र लेवलमा लाग्ने भन्सार महसूल दरमा आँशिक छूट दिई ५ प्रतिशत मात्र भन्सार महसूल लिने गरी छूट दिइएको छ ।

(म) ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफेक्स मेशिन एक, फोटो कपि मेशिन एक र कम्प्युटर एक पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(य) ट्रेकिङ्ग एजन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफेक्स मेशिन एक, फोटोकपि मेशिन एक, टाइपराइटर एक र स्लिपिङ्ग ब्याग २५ थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(र) जल यात्राको व्यवसाय गर्ने राफिटङ्ग एजेन्सीले आफ्नो व्यवसाय सञ्चालनको लागि रबरको डुङ्गा १० थान, हेलमेट १०० थान, लाईफ बेल्ट १०० थान, प्याडल १०० जोर, र वाटरप्रुफ क्यामरा कन्टेनर १० थान पहिलो पटक पैठारी गर्दा भन्सार महसूल ५ प्रतिशत मात्र लाग्नेछ ।

(ल) फर्निचर उद्योगले आफ्नो उद्योगको लागि आवश्यक पर्ने महसूल लाग्ने काठ पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(व) ट्याक्सीमा जडान गर्ने रेडियो टेलिफोनी उपकरण पैठारी गर्दा ७५ प्रतिशत भन्सार महसूल छूट हुनेछ ।

(श) विकासीमूलक उद्योगहरूले कुनै मालवस्तु उत्पादन गरी निकासी गर्ने स्वदेशी उद्योगसंग खरिद गर्न वा विदेशबाट पैठारी गर्न कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थहरूमा उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागले सिफारिश गरेको परिमाणमा दरबन्दी बमोजिम लाग्ने भन्सार महसूल, बिक्रीकर तथा अन्तःशुल्क बराबरको रकम बैंक ग्यारेण्टी राखी स्वदेशी उद्योगबाट खरिद गर्न तथा विदेशबाट पैठारी गर्न पाउनेछ । यस्ता कच्चा पदार्थको पूर्ण उपयोग गरी वस्तु निकासी भएको वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी बिक्री गरेको प्रमाण पेश गरेमा बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

(ष) सबै किसिमका उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ्ग मेटेरियलमा लाग्ने साधारण भन्सार महसूलमा २५ प्रतिशत



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छूट दिइनेछ। यस्तो छूट उद्योग विभाग वा घरेलु उद्योग विभागले सिफारिश गरेको परिमाणमा मात्र दिइनेछ।

श्री ५ को सरकार अर्थ मन्त्रालयको सूचनाहरू नेपाल राजपत्र भाग ३ खण्ड ३७ संख्या ३६ मिति २०४४।९।१३ को सूचना नं. १ र २ अतिरिक्ताङ्क १५ (क) खण्ड ३७ मिति २०४४।३।२५ को सूचना नं. २ र ३ खण्ड ३८ अतिरिक्ताङ्क ६९, चैत्र २९, २०४५ को सूचना नं. १ र खण्ड ३९ संख्या ३२ मार्ग १२, २०४६ को सूचना नं. १ र नेपाल राजपत्र भाग ३ खण्ड ४० अतिरिक्ताङ्क १५ मिति २०४७।२।३१ मा भएको व्यवस्था खारेज गरिएको छ।

आर्थिक ऐन, २०४७ को अनुसूची १ को भाग ९९ पछिको द्रष्टव्यसम्बन्धी अन्य व्यवस्था खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची–२

अन्तःशुल्क दरबन्दी

| क.सं. | संकेत नं. | | वस्तुको विवरण | इकाई | अन्तःशुल्क दर (कारखानाको बिक्रीमूल्यमा) |
|---|---|---|---|---|---|
| १ | ९(क) | | चामल, दाल, मैदा | | पूर्ण छूट |
| २ | १५(क) | | खाद्य तेल | | |
| | | १ | खाद्य तेल (तोरी, रायो, सरस्यू र आसलबाट उत्पादित) | | पूर्ण छट |
| | | २ | सबै प्रकारको खाद्य वनस्पति घ्यू | मो.प्र.श. | ८ प्रतिशत |
| | | ३ | सबै प्रकारको खाद्य प्रशोधित तेल (माजरिनहरू समेत) | मो.प्र.श. | ३ प्रतिशत |
| | (ख) | | अखाद्य तैलिय पदार्थ | | |
| | | १ | ब्रान आयल | मो.प्र.श. | १ प्रतिशत |
| | | २ | सालसीड आयल | मो.प्र.श. | १ प्रतिशत |
| | | ३ | मेन्थल आयल वा क्रण र यस्त प्रकारका अन्य अखाद्य तेलहरू | मो.प्र.श. | १ प्रतिशत |
| ३ | १७(क) | | खाद्य पदार्थ तथा पेय पदार्थ | | |
| | | १ | खाँडसारी चिनी | मो.प्र.श. | १ प्रतिशत |
| | | २ | चिनी | मो.प्र.श. | १ प्रतिशत |
| | | ३ | सबै प्रकारको क्यूब चिनी र मिश्रित चिनी | मो.प्र.श. | १ प्रतिशत |
| | | ४ | सबै किसिमको मिश्री | मो.प्र.श. | १ प्रतिशत |
| | (ख) | | खुदो (मोलासेश) | प्र. क्वी. | रू. ५।– |
| | (ग) | | पिपरमेन्ट, लजेन्जेज, टफी र चक्लेटहरू (विद्युत शक्ति प्रयोग गरी बनाएको) | मो.प्र.श. | ३ प्रतिशत |
| | (घ) | | ठोस, तरल वा धूलो रूपको चक्लेट | मो.प्र.श. | ३ प्रतिशत |
| | (ङ) | | चुईङ्गम | मो.प्र.श. | ३ प्रतिशत |
| ४ | १९(क) | | विद्युत शक्ति प्रयोग गरी उत्पादन गरिएको इन्स्टेण्ट नुडल्स, चाउचाउ मेकरोनी, स्पेगेटी आदि | मो.प्र.श. | ५ प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (ख) | बिस्कुट | मो.प्र.श. | ३ प्रतिशत |
| ५ | २०(क) | फुट पल्पबाट बनाइएका टेट्रा प्याक वा पोली प्याक गरिएका फुटी र यस्तै पेय पदार्थहरू | प्र.लि. र थप मो.प्र.श. | रू. २।५० प्र.लि र थप ५ प्रतिशत |
| | (ख) | लेमु अरेन्ज, कोकाकोला जस्ता हल्का पेय पदार्थ | प्र.लि. र थप मो.प्र.श. | रू. २।५०प्र.लि. र थप ५ प्रतिशत |
| ६ | २२(क) | फलफूलबाट बनाइने वाईन शेरी, सेम्पन | प्रति लि. | रू. ६।– |
| | (ख) | सोडा पानी तथा मिनरल वाटर (विद्युत शक्ति प्रयोग गरी बनाइएको) | प्रति .लि. | रू. ०।२५ |
| | (ग) | साइडर | प्रति लि. | रू. ४।– |
| | (घ) | बियर | प्र. लि. वा मो.प्र.श. | रू. ८।८१ वा ६० प्र.श. जुन बढी |
| | (ङ) | छ्याङ्ग (परिस्कृत जाँड) | प्रति लि. | रू. २।५० |
| | (च) | मेथिलेटड स्प्रीट (डिनेचर्डस्प्रीट) | प्रति लि. | रू. २।– |
| | (छ) | इथाइल अल्कोहल ( ) १० प्रतिशत देखि २० प्रतिशतसम्म मिश्रित औषधि वा औषधियुक्त (मेडिकेटेड) पदार्थ (तर २०, भन्दा बढी प्रतिशत इथाइल अल्कोहल मिश्रित भएमा मदिरा सरह अन्तःशुल्क लाग्नेछ)। | प्रति एल.पि. | रू. १५।– |
| | (ज) | रेक्टीफाइड स्प्रीट | प्रति लि. | रू. २०।– |
| | | १ औषधि उत्पादन र प्रयोजनको लागि | प्रति लि. | रू. १।– |
| | | २ अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने कच्चा मालको रूपमा प्रयोग हुनेमा | प्रति लि. | रू. ३।– |
| | | ३ अनुसन्धान गर्ने सरकारी वा गैर सरकारी संस्थाले आफ्नो कार्यक्रम अनुसार अनुसन्धानको काम गर्ने सिलसिलामा प्रयोग हुनेमा | प्रति लि. | रू. १०।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| (झ) | उच्चकोटीको मदिरा | | |
| १ | ३५ यु.पी. शक्ति र सो भन्दा बढी शक्तिको उच्च खालको मदिरा | प्र.एल.पि.लि. वा मो.प्र.श. | रू. ६१।७४ प्र. लि. वा १०० प्र. श मा जुन बढी |
| (ञ) | निम्नकोटीको मदिरा | | |
| १ | ४० यू.पि. शक्ति भन्दा बढी ५० यू.पी. शक्तिसम्मको बोतलबन्दी | प्र.एल.पि.लि. वा मो.प्र.श. | रू. २३।१० प्र.लि. वा ७५ प्र.श. मा जुन बढी |
| २ | ५० यु.पि. शक्ति भन्दा बढी यु. पी. शक्तिको बोतलबन्दी | प्र.एल.पि.लि. वा मो.प्र.श. | रू. १२।०५ प्र.लि. वा ५४ प्र.श. मा जुन बढी |
| ३ | ४० यू.पी. शक्ति भन्दा बढी ५० यू.पी. शक्तिसम्मको खुल्ला मदिरा | प्र.एल.पि.लि. वा मो.प्र.श. | रू. २४।१० प्र.लि. वा.७८ प्र.श. मा जुन बढी |
| ४ | ५० यू.पी. शक्तिभन्दा बढी यू.पी. शक्तिको खुल्ला मदिरा | प्र.एल.पि.लि. वा मो.प्र.श. | रू. १३।०५ प्र.लि. वा १३५ प्र.श. मा जुन बढी |
| ७ २४(क) | चुरोट र सूर्तिबाट बनेका वस्तुहरू | | |
| १ | प्रति हजार खिल्ली रू. ३५।– सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. १७।३३ प्र.ह. वा ४५ प्र.श.जुन बढी |
| २ | प्रति हजार खिल्ली रू. ३५।– भन्दा बढी रू. ४५।–सम्म मोल पर्नेमा | प्र.हजार वा मो.प्र.श. | रू. १९।०६ प्र.ह.वा ६८ प्र.श. जुन बढी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४८२

| | | | |
|---|---|---|---|
| ३ | प्रति हजार खिल्ली रू. ४५१– भन्दा बढी रू. ५०१– सम्म मोल पर्नेमा | प्र.हजार वा मो.प्र.श. | रू. ३५।८० प्र.ह. वा ६८ प्र.श. जुन बढी |
| ४ | प्रति हजार खिल्ली रू. ५०१– भन्दा बढी रू. ६०१– सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. ३६।३८ प्र.ह. वा ८० प्र.श. जुन बढी |
| ५ | प्रति हजार खिल्ली रू. ६०१– भन्दा बढी रू. ७०१–सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. ४३।३२ प्र.ह. वा ८० प्र.श.जुन बढी |
| ६ | प्रति हजार खिल्ली रू. ७०१– भन्दाबढी रू. ७५१– सम्म मोल पर्नेमा | प्र.हजार वा मो.प्र.श. | रू. ८३।१६ प्र.ह. वा १०० प्र.श. जुन बढी |
| ७ | प्रति हजार खिल्ली रू. ७५१– भन्दा बढी रू. ६५१–सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. ६१।४८ प्र.ह. वा १०० प्र.श.जुन बढी |
| ८ | प्रति हजार खिल्ली रू. ६५१– भन्दा बढी रू. १००१–सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. १०६।७३ प्र.ह. वा १०० प्र.श. जुन बढी |
| ९ | प्रति हजार खिल्ली रू. १००१– भन्दा बढी रू. १३०१–सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. १२०।७० प्र.ह. वा १०० प्र.श. जुन बढी |
| १० | प्रति हजार खिल्ली रू. १३०१– भन्दा बढी रू. १५०१– सम्म मोल पर्नेमा | प्र.हजार वा मो.प्र.श. | रू. १३२।७७ प्र.ह. वा १०० प्र.श. जुन बढी |
| ११ | प्रति हजार खिल्ली रू. १५०१– भन्दा बढी रू. १७५१–सम्म मोल पर्नेमा | प्र. हजार वा मो. प्र. श. | रू. १८०।– प्र.ह. वा १०० प्र.श. जुन बढी |
| १२ | प्रति हजार खिल्ली रू. १७५१– भन्दा बढी रू. २००१–सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. २०२।१३ प्र.ह. वा १०० प्र.श. जुन बढी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | १२ | प्रति हजार खिल्ली रू. २००१– भन्दा बढी रू. २४०१– सम्म मोल पर्नेमा | प्र. हजार वा मो.प्र.श. | रू. २०७।६० प्र.ह. वा ८६ प्र.श. जुन बढी |
| | १३ | प्रति हजार खिल्ली रू. २४०१– भन्दा बढी रू. ३००१– सम्म मोल पर्नेमा | प्र. हजार वा मो. प्र. श. | रू. २४४।६० प्र.ह. वा ८१ प्र.श. जुन बढी |
| | १४ | प्रति हजार खिल्ली रू. ३००१– भन्दा बढी मोल पर्नेमा | प्र. हजार वा मो. प्र. श. | रू. ३०६।०८ प्र.ह. वा ८५ प्र.श. जुन बढी |
| | (ख) | बिडी (सूर्तिबाट तयार भएको सबै प्रकारको बिडी) | | |
| | १ | सूर्ति र पत्ताबाट बनेको बिडी | प्र.हजार वा मो. प्र. श. | रू. ५।२५ प्र.ह. वा २० प्र.श. जुन बढी |
| | २ | सूर्ति र कागजबाट बनेको बिडी | प्र. हजार वा मो. प्र. श. | रू. ६।३० प्र.ह. वा २५ प्र.श जुन बढी |
| | ३ | सूर्ति र कागजबाट बनेको फिल्टर भएको बिडी | प्र. हजार वा मो. प्र. श. | रू. ७।२५ प्र.ह. वा २५ प्र.श. जुन बढी |
| ८ | २५ | सिमेण्ट | मो. प्र. श. | १८ प्रतिशत |
| ९ | ३२(क) | खयर (कत्था) | प्रति कि. ग्रा. | रू. ५।– |
| | (ख) | कच्छ | प्रति कि.ग्रा. | रू. ३।– |
| | (ग) | रंगरोगनहरू | | |
| | १ | प्लाष्टीक इमल्सन र इनामेल पेन्टस् | मो. प्र. श. | ३ प्रतिशत |
| | २ | अन्य रंगरोगनहरू | मो. प्र. श. | २ प्रतिशत |
| १० | ३३ | दन्त मञ्जन (धूलो वा मलहम) | मो. प्र. श. | १ प्रतिशत |
| ११ | ३४ | साबुन र डिटरजेन्टहरू (विद्युत शक्ति प्रयोग गरी उत्पादन गरिएको मात्र) | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८४

| | | | | |
|---|---|---|---|---|
| | (क) | लुगा धुने साबुन | मो. प्र. श. | ४ प्रतिशत |
| | (ख) | नुहाउने साबुन | मो. प्र. श. | ५ प्रतिशत |
| | (ग) | लुगा धुने डिटरजेन्ट पाउडर वा लिक्वीड | मो. प्र. श. | ४ प्रतिशत |
| | (घ) | भाँडा वर्तन र भुईं सफा गर्ने डिटरजेन्ट पाउडर वा लिक्वीड | मो. प्र. श. | ४ प्रतिशत |
| १२ | ३६ | सलाई | | |
| | १ | प्रति वट्टा ४० काँटी भएको | प्रति ग्रुस | रू. ५।५० |
| | २ | प्रति वट्टा ४० काँटी भन्दा बढी काँटी भएकोमा प्रत्येक थप १० काँटीको लागि | थप प्रति ग्रुस | रू १।१० |
| | ३ | प्रति वट्टा १० काँटी सम्म भएको | प्रति ग्रुस | रू. १।३८ |
| | ४ | प्रति वट्टा १० काँटी भन्दा बढी २० काँटी सम्म भएकोमा | थप प्रति ग्रुस | रू. –।२८ |
| १३ | ३८ | तारपीनको तेल | मो. प्र. श. | १ प्रतिशत |
| १४ | ३९(क) | पि. भि. सि. कम्पाउण्ड | मो. प्र. श. | १ प्रतिशत |
| | (ख) | पोलिथिन पाइप | मो. प्र. श. | २ प्रतिशत |
| | (ग) | पोलिथिन प्लाष्टिकबाट बनेका जर्किन भाँडा वर्तन तथा अन्य वस्तुहरू | मो. प्र. श. | १.५ प्रतिश |
| | (घ) | पोलिथिन पेपर तथा वेगहरू | मो. प्र. श. | १.५ प्रतिशत |
| १५ | ४० | रबरबाट बनेका सामानहरू | मो. प्र. श. | १ प्रतिश त |
| १६ | ४२ | कृत्रिम छालाबाट वा रेक्जीनबाट तयार भएका वस्तुहरू | मो. प्र. श. | १ प्रतिशत |
| १७ | ४४ | चीरान काठ | | |
| | (क) | साल, सिसौ, चाँप, (वेण्ड स: तथा स:मिल-बाट चिरान भएको समेत) | प्रति क्यू. | रू. २५।– |
| | (ख) | अन्य काठ (वेण्ड स: तथा स:मिलबाट चिरान भएको) | प्रति क्यू. | रू. १५।– |
| १८ | ५१ | कृत्रिम (सेन्थेटिक धागो) | मो. प्र. श. | ५ प्रतिशत |
| १९ | ५३ | ऊनी कपडा तथा धागो (विद्युत शक्तिको सहायताबाट उत्पादित मात्र) | | |
| | (क) | सबै प्रकारको शुद्ध ऊनी धागो र कपडा | प्रति किलो | रू १।– |
| | (ख) | कृत्रिम ऊनी (एक्रेलिक यार्न समेत) | मो. प्र. श. | १५ प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| २० | ५९(क) | नाइलन वा कृत्रिम रेशाबाट तयार भएको कपडा (ऊन मिश्रित समेत) | मो. प्र. श. | २० प्रतिशत |
| | (ख) | कृत्रिम रेशा मिश्रित अन्य वस्तुमा जति प्रतिशत वा अंकको रूपमा कृत्रिम रेशा मिश्रित रहेको छ, सो वस्तुमा कृत्रिम रेशातर्फ सो प्रतिशत वा अंकको आधारमा माथिको संकेत ५९ (क) का दरले र बाँकीमा सोही वस्तुको प्रचलित दरबन्दी अनुसार अन्तःशुल्क लिइने छ। | | |
| २१ | ६० | कृत्रिम रेशाबाट तयार गरिएको होजियारी सामान | | |
| | (क) | स्ट्रेच नाइलनबाट उत्पादित होजियारी सामान | मो. प्र. श. | ८ प्रतिशत |
| | (ख) | स्ट्रेच नाइलनबाट बाहेक १० प्रतिशत भन्दा बढी अंशमा सेन्थेटिक वा अन्य कृत्रिम रेशा मिश्रित गरी तयार गरिएको होजियारी सामान | मो. प्र. श. | २० प्रतिशत |
| | (ग) | नाइलन वा कृत्रिम रेशाबाट कपडा उत्पादन, प्रोसेसिङ तथा पेकिङको सामान्य प्रकृयाबाट निस्कने टुक्राटुक्री तथा बिग्रेको कपडा (फेन्टस एण्ड रेग्स) | मो. प्र. श. | २० प्रतिशत |
| २२ | ६४(क) | स्पोर्ट्स सूज र ट्र्याक सूज | मो. प्र. श. | १ प्रतिशत |
| | (ख) | कृत्रिम रसायन प्लाष्टिक पोलिथिनबाट बनाइएका चप्पल, हवाई चप्पल, जुत्ता, बुट, लोता फित्ताहरू | मो. प्र. श. | १ प्रतिशत |
| २३ | ६६ | छाता | मो. प्र. श. | १ प्रतिशत |
| २४ | ६९ | ईंट र टायल | | |
| | (क) | विद्युत शक्तिको प्रयोग गरी मेशिनबाट बनाइएको इटा र टायल | प्र. हजार गोटा | रु. २०।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (ख) | चिम्नी भट्टाबाट उत्पादित ईंटा र टायल (ठाडो अवाल बाहेक) | प्र॰ हजार गोटा | रू. १५।– |
| २५ | ७३(क) | स्टेनलेस स्टीलका टुक्रा टुक्री (स्क्रेप) बाट पगाली बनाउने ढलौट भाँडा कुँडा तथा कटलरी | मो. प्र. श. | १ प्रतिशत |
| | (ख) | फलामको टोरस्टील छड, डण्डी र वायरहरू | मो. प्र. श. | २ प्रतिशत |
| | (ग) | फलामको छड, डण्डी र स्ट्रीप पट्टी पाइप एंगल च्यानल स्प्रीङ्गपट्टी आदि | मो. प्र. श. | १.५ प्रतिशत |
| | (घ) | फलामका पाता रू | मो. प्र. श॰ | ५ प्रतिशत |
| | (ङ) | गेल्भेनाइज्ड कोरोगेटेड शीट्स, पाईप र तारहरू आदि | मो. प्र श | ३.५ प्रतिशत |
| | (च) | गेल्भनाइज्ड पाता र स्ट्रीप आदि | मो. प्र. श. | २.५ प्रतिशत |
| | (छ) | स्टेनलेस स्टीलबाट बनाइएका सबै किसिमका भाँडा वर्तन | मो. प्र. श. | १ प्रतिशत |
| | (ज) | अन्य फलामको वस्तुहरू | मो. प्र. श. | २ प्रतिशत |
| | (झ) | मेटल कन्टेनर | मो. प्र. श. | १ प्रतिशत |
| २६ | ८० | टीन कन्टेनर | मो. प्र. श. | १ प्रतिशत |
| २७ | ८५(क) | ड्राइसेल ब्याट्रि | मो. प्र. श. | ५ प्रतिशत |
| | (ख) | हेयर ड्रायर, कोठा तताउने हिटर, पंखा तथा क्यालकुलेटर आदि | मो. प्र. श. | १० प्रतिशत |
| | (ग) | विद्युतबाट संचालन हुने कुकर, टोस्टर | मो. प्र. श॰ | १० प्रतिशत |
| | (घ) | विद्युतबाट संचालन हुने मिक्सचर जुसर | मो प्र श. | १५ प्रतिशत |
| | (ङ) | सबै किसिमका टेलिफोन सेट | मो. प्र. श. | १० प्रतिशत |
| | (च) | टेलिभिजन | | |
| | १ | साधारण (स्याम स्वेत) | मो. प्र. श. | १२ प्रतिशत |
| | २ | रंगिन | मो. प्र. श. | १५ प्रतिशत |
| | | रेडियो ट्रानजिस्टर | मो. प्र. श. | १२ प्रतिशत |
| | (ज) | अन्य ट्रानजिस्टर भएका तथा इलेक्ट्रोनिक वस्तुहरू | मो. प्र. श. | १२ प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८

| | | | | |
|---|---|---|---|---|
| | (झ) | बिजुलीको प्लग, सकेट, होल्डर, स्वीचहरू | मो.प्र.श. | १ प्रतिशत |
| | (ञ) | बिजुलीको चौम | प्रति गोटा | रु. –।३० |
| | (ट) | पी. भी. सी. कपर वायर | मो. प्र. श. | २ प्रतिशत |
| | (ठ) | पी. भी. सी. आल्मोनियम वायर | मो. प्र. श. | २ प्रतिशत |
| २८ | ९१ | सबै प्रकारका घडी जसले समय बताउने काम गर्दछ | मो. प्र. श. | ३ प्रतिशत |
| २९ | ९२(क) | डेक | मो. प्र. श. | १५ प्रतिशत |
| | (ख) | टेप रेकर्डर, ट्रान्जिष्टर, रेकर्डप्लेयर, ग्रामोफोन जस्ता दुई वा सो भन्दा बढी प्रयोजनको काम दिने गरी बनाइएको टु अथवा थ्रीइन्वन | मो. प्र. श. | १५ प्रतिशत |
| | (ग) | (१) केसेट टेप (६० मिनेट सम्मको) | प्र. केसेट गोटा | रु. –।७५ |
| | | (२) केसेट टेप (९० मिनेटसम्मको) | प्र.केसेट गोटा | रु. –।९० |
| ३० | ९४(क) | फलाम तथा स्टीलका फर्निचर, दराज | मो. प्र. श. | ७ प्रतिशत |
| | (ख) | फोम र स्पञ्ज | मो. प्र. श. | ५ प्रतिशत |
| ३१ | ९६ | सबै प्रकारका टुथब्रसहरू | मो. प्र. श. | १ प्रतिशत |
| ३२ | ९८ | जिप फास्नर | मो. प्र. श. | १२ प्रतिशत |

द्रष्टव्य:–

१. स्वदेशी उद्योगहरूले उत्पादन गरेका मालवस्तु अधिराज्य भित्रै परिवर्त्य विदेशी मुद्राको भुक्तानी पाउने गरी बिक्री गरेको प्रमाण पेश गरेमा त्यसरी बिक्री गरेको परिमाण सम्मको वस्तुमा लाग्ने अन्तःशुल्क पूर्ण रूपमा छूट दिइनेछ ।

२. सिन्थेटिक कपडा र सिन्थेटिक होजियारी उत्पादन गर्ने घरेलु उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ सिन्थेटिक यार्न र नाईलन यार्न उद्योग मन्त्रालयले तोकेको संस्थाबाट पैठारी गरी घरेलु उद्योगहरूलाई उपलब्ध गराउँदाको अवस्थामा नै अन्तःशुल्क असूल उपर गरिनेछ । अन्तःशुल्कको दरमा ५० प्रतिशत छूट दिइनेछ ।

३. स्वदेशी उद्योगले स्वदेशी कच्चा पदार्थ तथा प्राथमिक वस्तुहरूको उपयोग गरी उत्पादन गरेका वस्तुहरू अर्को स्वदेशी उद्योगद्वारा प्रयोग गर्न खरिद गरेमा सम्बन्धित विभागको सिफारिशमा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क पूर्ण रूपमा छूट दिइनेछ यसरी अन्तःशुल्क छूट गरिएका वस्तु उपयोग गर्ने उद्योगले आफ्नो उत्पादनको लागत मूल्यमा सो छूट सुविधाको रकम समावेश गर्न पाइने छैन । यस्तो उद्योगले बिक्री गर्दा वा खरिद गर्दाको रेकर्ड प्रमाणित गराई राख्नु पर्नेछ ।



४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. निकासीमूलक उद्योगहरूले कुनै मालवस्तु उत्पादन गरी निकासी गर्न स्वदेशी उद्योगसंग खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थहरूमा उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागले सिफारिश गरेको परिमाणमा दरबन्दी बमोजिम लाग्ने भन्सार महसूल, बिक्रीकर तथा अन्तःशुल्क बराबरको रकम बैंक ग्यारेण्टी राखी स्वदेशी उद्योगबाट खरिद गर्न तथा विदेशबाट पैठारी गर्न पाउनेछ । यस्ता कच्चा पदार्थको पूर्ण उपयोग गरी वस्तु निकासी भएको वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी बिक्री गरेको प्रमाण पेश गरेमा बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

५. दुर्गम क्षेत्रमा स्थापना भएका अन्तःशुल्क लाने वस्तु उत्पादन गर्ने उद्योगहरूलाई ती उद्योगहरूले यस दरबन्दी अनुसार तिर्नुपर्ने अन्तःशुल्कमा १० (दश) प्रतिशत छूट दिइनेछ । दुर्गम क्षेत्र भन्नाले यस प्रयोजनको लागि श्री ५ को सरकारले तोके बमोजिमको क्षेत्र मानिने छ ।

६. उद्योगहरूले आफ्नो उत्पादनको खुद्रा मूल्य किटान गरी सार्वजनिक जानकारीको लागि प्रकाशित गर्ने वा उत्पादित वस्तुमा नै सो मूल्य अङ्कित गराएर मात्र उत्पादित वस्तु निकासी गरिनेछ ।

७. तोकिएको वस्तुहरू उत्पादन गर्ने कारखानाहरूले तोकिए बमोजिमको प्रक्रियाहरू पूरा गरी कारखानाबाट मालसामान स्वयम निश्काशन (Self removal) गर्न सक्नेछ ।

८. कारखाना बिक्री मूल्य भन्नाले उत्पादक आफै वा बिक्री डिपोमार्फत वा डिलर मार्फत थोक बिक्रेतालाई बिक्री गर्ने मूल्यलाई जनाउनेछ ।

९. श्री ५ को सरकारले उपरोक्त वस्तुमध्ये कुनै वस्तुको अन्तःशुल्क श्रोतमा नै लिने निर्णय गरेमा उपरोक्त दरबन्दीमा मो. प्र. श. १० प्रतिशत थप गरी अन्तःशुल्क असूल गरिनेछ ।

१०. अन्तःशुल्क लाग्ने वस्तुको उत्पादकले इजाजत बमोजिमको कच्चामालको अनुपातमा तयारी माल उत्पादन गरेको नदेखिएमा वा उपभोक्ता मूल्यको तुलनामा अन्तःशुल्कको प्रयोजनको लागि कारखाना बिक्री मूल्य बेमनासिब भएमा उपरोक्त दरबन्दीमा मो.प्र.श. १५ प्रतिशत थप गरी अन्तःशुल्क असूल गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८५

## अनुसूची–३
### बिक्रीकर दरबन्दी (क)
### (पैठारी तर्फको)

नेपाल अधिराज्यभित्र विदेशबाट पैठारी हुने मालवस्तुमा निम्नबमोजिम बिक्रीकर लगाई असूल उपर गरिनेछ :

१. भन्सार महसूल दरबन्दी अनुसार साधारण पैठारी महसूल १० प्रतिशतसम्म लाग्ने मालवस्तुमा बिक्रीकर ५ प्रतिशतका दरले लाग्नेछ ।

२. भन्सार महसूल दरबन्दी अनुसार साधारण पैठारी भन्सार महसूल १० प्रतिशत भन्दा बढी १५ प्रतिशतसम्म लाग्ने मालवस्तुमा बिक्रीकर १० प्रतिशतका दरले लाग्नेछ ।

३. भन्सार महसूल दरबन्दी अनुसार साधारणपैठारी भन्सार महसूल १५ प्रतिशत भन्दा बढी २० प्रतिशतसम्म लाग्ने मालवस्तुमा बिक्रीकर १५ प्रतिशतका दरले लाग्नेछ ।

४. भन्सार महसूल दरबन्दीमा साधारण पैठारी भन्सार महसूल २० प्रतिशत भन्दा बढी लाग्ने मालवस्तुमा बिक्रीकर २० प्रतिशतका दरले लाग्नेछ ।

तर,

(१) देहायका मालवस्तुहरूमा देहायबमोजिम बिक्रीकर लगाइनेछ ।

| भन्सार दरबन्दी संकेत नम्बर | मालवस्तुको नाम | बिक्रीकरको दर |
|---|---|---|
| ०९–१० (ख) को (४) | पानको मसलाहरू | १५% |
| १४–०५ को (१) | महुवा | १०% |
| १४–०५ को (४) | खयरको जरा, मुढा, ठुटा, हाँगा आदि | १०% |
| १६–०१ देखि १६–०५ सम्मको | मासु, माछा, क्रष्टासियन, मासु माछाको सार र सुरुवाहरू | १५% |
| २२–०३ | सबै किसिमको बियर | ४०% |
| २२–०४ देखि २२–०७ समम्का | सबै अल्कोहल युक्त पेय पदार्थ र स्पिरिटहरू | ४०% |
| २२–०८ (१) | रेक्टीफाइड अल्कोहल (स्पिरिट) | १०% |
| २२–०८ (२) | डिनेचर्ड स्पिरिट (मेथेलेटेड स्पिरिट समेत) | १०% |
| २२–०८ (३) | अन्य | १०% |
| २२–०९ | सबै अल्कोहल युक्त पेय पदार्थ र स्पिरिटहरू जस्तै ह्विस्की, रम, जिन आदि | ४०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| २५–१७ को (३) | सिंगमरमरका टुक्रा र धूलो | १५% |
| २५–२३ | सिमेण्ट | |
| | (१) सेतो सिमेण्ट | २०% |
| | (२) सिमेण्ट (सेतो बाहेक) | १५% |
| २७–१० (क) (१) | हवाई स्पिरिट | १०% |
| २७–१० (क) (२) | मोटर स्पिरिट | १०% |
| २७–१० (ख) | स्पिरिट भएको जेट इन्धन | १५% |
| २७–१० (ग) | अन्य हलुका तेल र अन्य तयारीहरू | १०% |
| २७–१० (घ) (२) | मट्टितेल किसिमको जेट इन्धन | १५% |
| २७–१० (ङ) | अन्य मध्यम तेल र तयारीहरू | १०% |
| २७–१० (च) (१) | हाइस्पिड डिजेल (एच.एस.डी.) | ५% |
| २७–१० (च) (२) | अन्य हलुका (लाइट) डिजेल समेत | ५% |
| २७–१० (छ) | इन्धन तेल | ५% |
| २७–११ (क) | तरलीकृत प्रोफिन बुट्टेनहरू | ५% |
| २७–११ (ख) | तरलीकृत ग्याँस, हाइड्रो कार्बनहरू, प्रोफेन र बुट्टेन बाहेक | ५% |
| २७–११ (ग) | पेट्रोलियम ग्याँस र अन्य ग्याँस अवस्थाका हाइड्रो कार्बनहरू | ५% |
| ३४–०१ र ०३४–०२ | लुगाधुने साबुन र डिटरजेण्ट | ५% |
| ३६–०६ | सलाई | ५% |
| ३७–०२ | सिनेमा बनाउने कच्चा फिल्म चलचित्र निर्माण गर्ने उद्योगहरूले पैठारी गर्नेमा | ५% |
| भाग ३९ | | |
| | कृत्रिम रेजीन र प्लाष्टिकबाट बनेका वस्तुहरू तथा सामाग्रीहरू (पोलिथिन, पि.भी सी. पाईप समेत) संकेत नं. ३९–०७ को (क), (ख), (ग), (ङ), (ज) को (१), (३) र (४) | १०% |
| ४०–०७ | भल्कनाइज्ड रबर धागो र डोरी | १५% |
| ४०–१० | भल्कनाइज्ड रबरको ट्रान्समिशन, कन्भेयर वा इलेभेटरको लोता वा वेल्टिङ्ग | ५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४०–११ | रबर टायर, टायर फ्याक्स, टायरको भित्री ट्यूब र टायर, सबै किसिमको पाँग्राको निमित्त (साइकल, रिक्सा, ट्र्याक्टर र पशुले तान्ने गाडीको टायर बाहेक) | १०% |
| भाग ४४ | काठ र काठबाट बनेका चारपाटे वा अर्धचारपाटे काठ लम्बाईमा चिरेको, ताछेको वा खुर्केको, केही नगरेको काठ, स्लीपर, काठको चिरेको खाबा, घोचा, बला (संकेत नं. ४४–०३ देखि ४४–०५ सम्म, ४४–०७ र ४४–०९) | २०% |
| ४८–०१ देखि ४८–०८ सम्मको | कागज र कागजको बोर्ड, मुट्ठा वा पाता सबै (संकेत नं. ४८–०१ (ज) (१) बाहेक) | ५% |
| ४८–१२ देखि ४८–१५ सम्मको | कागज वा कागज बोर्डबाट तयार भएका वस्तुहरू, कार्बन कागज, कागजको लेख्ने प्याड, छान्ने, सोस्ने कागज आदि | ५% |
| ४८–१८ को (२) बाहेक | खातापत्र, नोटबुक, अभ्यास पुस्तिका तथा अन्य यस्तै पुस्तिका (तस्वीर राख्ने पुस्तिका बाहेक) | ५% |
| ४८–१९ | कागज र कागज बोर्डको लेवल | ५% |
| ४८–२० | कागजको गुभो, कागज वा कागजको बोर्डका गट्टा, चक्का कप्स र यस्तै धागो थाम्ने वस्तु प्वाल पारेको वा नपारेको, कडा गरेको वा नगरेको | ५% |
| ४८–२१ | गुभो कागज, कागज, सोल्यूलोज प्याड र कागजको बोर्डको अन्य तयारी सामान: | |
| (क) | पञ्चकार्ड मेशिनका लागि कार्ड, पत्ती बनाएको वा नबनाएको | ५% |
| (ख) | किस्ती, थाली, प्लेट, कप र यस्तै सामान | १०% |
| (घ) | सफाइका रूमाल (सेनिटरी टावेल) र रगत थाम्ने गज, केटाकेटीको सफाइको रूमाल: | |
| | (१) केटाकेटीको सफाइको रूमाल | ५% |
| | (२) अन्य | ५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४५२

| | | |
|---|---|---|
| ५६–०१ देखि ५६–०४ सम्म पर्ने | कृत्रिम रेशा, एक्रेलिक र कृत्रिम रेशाको धागो | १०% |
| ६४–०१ | रबर वा कृत्रिम लचकदार पदार्थको बाहिरी तलुवा र माथिको भाग लगाएको जुत्ता | १५% |
| ६४–०२ को (१) | सम्पूर्ण छालाको जुत्ता | १०% |
| ६९–०७ र ६९–०८ | ग्लेज गरेको वा नगरेको जमीन वा भित्तामा छाप्ने टायल | १५% |
| ६९–१० | फोहोर पदार्थ फ्याक्ने, नुहाउने, मुख धुने र यस्तै सरसफाइको लागि जडान गरिने सामानहरू सिङ्क, वासमेशिन समेत | १०% |
| भाग ७३ | फलाम र स्पात तथा तिनका सामानहरू (संकेत नं. ७३–०१, ७३–०२, ७३–०४ देखि ७३–१२ सम्म र ७३–१४) | १०% |
| ७३–०३ | रद्दि र अवशेष | ५% |
| ७३–१३ | तातोमा वा चिसोमा रोल गरिएको (हट रोल्ड वा कोल्ड रोल्ड) फलाम वा ईस्पातका पाता र पत्रहरू (ब्लेकसिट समेत) | १५% |
| ७३–१५ | संकेत नं. ७३–०६ देखि ७३–१४ सम्म उल्लेखित रूपमा मिश्रित ईस्पात र उच्च कार्वन ईस्पात | १५% |
| ७३–२३ | फलाम वा ईस्पातको पाता वा चादरबाट बनेको पिपा, ड्रम वट्टा, वाकस र यस्तै सामान हाल्ने भाँडो | १०% |
| (क) | गोवर ग्याँस ट्याङ्क | ५% |
| ८०–०६ | टिनका अन्य सामाग्रीहरू | १०% |
| (क) | टिन कन्टेनर (२१ लि. सम्मको) | ५% |
| ८२–१४ को (क) | स्टेनलेस स्टिलका चम्चा, काँटा, स्याँगी, डाडु पन्यूँ र यस्तै भान्साका मालसत्ता | २०% |
| ८२–१४ को (ख) | अन्य धातुका भए | १०% |
| ८३–०३ | आधारभूत धातुको सेफ, मजबुत सेफ, वाकस हातहतियारले सु-सज्जित वा बलियो कोठाको ढोका, क्यास वक्स र त्यस्तै सामान | १५% |
| ८३–०४ | आधारभूत धातुको फाइलिङ्ग क्याबिनेट, र्‍याक, केलांयर राख्ने वाकस, कागज राख्ने | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५३

| | | |
|---|---|---|
| | किस्ती, कागज राख्ने ठाउँ र यस्तै अफिस उपकरण, संकेत नं. ९४–०३ अन्तर्गत पर्ने अफिस फर्निचर बाहेक | १५% |
| ८३–०५ | आधारभूत धातुबाट बनेका पाता छुट्टिएको किताबको जोड्ने र मिलाउने सामान, चिठ्ठी च्याप्ने, गाँस्ने मेशिन, सांकेतिक फित्ताको धातुको टुप्पो र यस्तै लेखपढका सामान (स्टेशनरी) र यस्तै आधारभूत धातुका सामान | १०% |
| ८३–०६ | आधारभूत धातुबाट बनेको घरभित्र प्रयोग हुने मूर्ति वा अन्य गरगहना, तस्वीर खिच्ने सम्बन्धी, तस्वीरको फ्रेम र यस्तै आधारभूत धातुबाट बनेको ऐना (संकेत नं. ८३–०६ (४) को खेलकुदमा पुरस्कार स्वरूप प्रदान गर्ने शिल्ड कपहरू बाहेक | १०% |
| ८५–०६ को (ख) | हावा आवत जावत गर्न सक्ने झापन वा ढकनीहरू र कोठाका पंखाहरू | १०% |
| ८५–१० | यताउती सार्न हुने बिजुलीका ब्याट्रि र चुम्बकीय बत्तीहरू संकेत नं. ८५–०९ मा परेका बाहेक | १०% |
| ८५–१२ को (क) र (ख) | बिजुलीको हिटर, पानी तताउने हिटर र बिजुलीका माटो तताउने उपकरणहरू | १०% |
| ८५–१५ (ख), (ग) र (ञ) को (२) | टेलिभिजन र सो का पार्टपूर्जाहरू र रेडियो र सो का पार्टपूर्जाहरू | १५% |
| ८५–१५ (घ) देखि (च) सम्म | रेडियो प्रसारण रिसिभर र यस्तै सामग्रीहरू | १५% |
| भाग ८७ | सार्वजनिक यातायात, बस, ट्रक वा लहरी र इञ्जिनमा फिट भएको चेसिस समेत (संकेत नं. ८७–०२ (ख) को (२), ८७–०२ (ग) को अन्य र ८७–०४ को (२) | २०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५४

+रेडियो र घडी उद्योगले पैठारी गर्ने पार्टपूर्जामा लाग्ने बिक्रीकर ५० प्रतिशत छूट दिने साबिकको व्यवस्था कायम नै रहनेछ । तर यस्तो छूट उद्योग विभागको सिफारिश अनुसार पैठारी भएमा मात्र दिइनेछ ।

++बिक्रीकर नलाग्ने मालवस्तु उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ्ग मेटेरियलसमा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट हुनेछ ।

+++औषधि उद्योगको लागि आवश्यक पर्ने प्याकिङ्ग मेटेरियलसहरू ग्याँस, बोतल, वल्व,एम्पुल्स, रबर प्लग, आल्मोनियम क्याप, प्लाष्टिक वा आल्मोनियम ह्याङ्गर, बेल्ट र लेवलमा बिक्रीकर लाग्ने छैन । औषधि उद्योगले आयात गर्ने कच्चा तथा सहायक कच्चा पदार्थ र रासायनिक पदार्थको पैठारीमा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट हुनेछ ।

(२) निम्न बमोजिमका मालवस्तुमा बिक्रीकर लाग्ने छैन ।

| भन्सार दरबन्दीको संकेत नं. (भाग) | मालवस्तुको नाम |
|---|---|
| १ को सबै | सबै किसिमको जीवित जीवजन्तु |
| ३ को ०३–०१ को | माछा ताजा, चिसो (चिल्ड) वा फोजेन |
| ४ को | ताजा दुध र तर, नजमाएको वा गुलियो नगरिएको,चरा चुरूङ्गिको फुल |
| ६ को सब | सबै प्रकारका जीवित रूख र अन्य बिरूवाहरू |
| ७ को | खान हुने वनस्पति र केही जरा तथा गानोहरू (साबुदाना बाहेक) |
| ८ को | ताजा फलफूलहरू |
| ९ को | बेसार, अदुवा, खुर्सानी, तेजपात, ज्वानो, मेथी, धनियाँ, जीरा, मरीच र सोंफहरू |
| १० को | सबै खाद्यान्नहरू |
| ११ को | सबै प्रकारको पिठो |
| १२ को | मुगफली, कपासको दाना (ज्यापु), तिल त्यस्तै तेलहन तोरीको गेडा, जडिबुटी, भुस घाँस र पराल |
| १४ को | बिडी बनाउने पात, बेत, बाँस, निगालो, खजूर र यस्तै कुचो बनाउने घाँस, साबे घाँस, हर्रोको बोक्रा, भोजपत्र, ताडपत्र र यस्तै पदार्थ, सिमलको भुवा, श्रीखण्ड र पानपत्ता |
| १५ को | तोरी, सरस्यूँ, तिल, मकै, भटमास, बदाम (मुङफली) र सूर्य-मुखीको प्रशोधित खाद्य तेल |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५२

| | |
|---|---|
| १९ को | पाउरोटी |
| २१ को | आइसक्रीम |
| २२ को | पानी बरफ |
| २३ को | भूस, पीना, मानव आहारको निमित्त अनुपयुक्त मासु, माछा र जीव जन्तुको अन्य आहार |
| २५ को | इमरी पाउडर, कागज बनाउन प्रयोग हुने ढुङ्गाको धूलो, इँटाको धूलो र टुक्रा |
| २७ को | कोईला, लिग्नाईड, पिटर र त्यस्तै पदार्थ र मट्टितेल |
| ३० को | सबै औषधि तथा औषधिसम्बन्धी सामान (अस्तर, जाली, डिस्टीलवाटर समेत) |
| ३१ को | सबै मलखादहरू |
| ३७ को | एक्स-रे फिल्महरू |
| ३८ को | विसंक्रामक, कीटनासक, झारनासक र च्याउनासक पदार्थहरू |
| ३९ को | दुधदानी र दुधदानीको मुण्टो |
| ४० को | काँचो रवर (प्राकृतिक तरल, कृत्रिम तरल र त्यस्तै चोपहरू), तातोपानीको व्याग, वफर व्याग, स्वास्थ्य र औषधिसम्बन्धी उपकरण र दुधदानीको मुण्टो |
| ४४ को | बाल्ने दाउरा, हाँगाबिगा, ठुटा, मुढा, चोइटा चोईटी, काठको धूलो र काठका गोल |
| ४६ को | चटाई, वास्केट र त्यस्तै सामान, पराल, खर, वेतबाँस, चोया र त्यसबाट बनेका सामानहरू |
| ४७ को | रेशामय वनस्पति पदार्थबाट झिकेको गुभो (पल्प) |
| ४८ को | अखवार छाप्ने कागज |
| ४९ को | चेकबुक, करेन्सी नोट, क्यालेण्डर पोष्टर र व्यापार विज्ञापनको क्याटलग |
| ५३ को | भेडा, च्याँग्रा र त्यस्तै जीव जन्तुको ऊन र रौं |
| ५४ को | पल्यास र रेमिको काँचो, पल्यासको रेशा र अवशेष |
| ५५ को | कपास र अवशेष तथा सुतीधागो (गोलीधागो र रीलधागो बाहेक) |
| ६९ को | निर्माण गर्ने ईंट, झिगटी, चिम्नीपट, चिम्नी लाईनर्स, कार्नेस र घर छाउने टायल |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ७० को | प्रयोगशाला, आरोग्यसम्बन्धी वा औषधि उत्पादनका काँचका मालमत्ता (एम्पल) समेत (संकेत नं. ७०–१७ को) |
| ७२ को | मुद्रा (सुनको बाहेक) र मुद्रा छाप्नको लागि तयारी चक्का (ब्लक) समेत |
| ८४ को | कृषि बागवानीसम्बन्धी माटो तयार गर्ने, जोत्ने मेशिन, मल बीउ छर्ने मेशिन औजार (कुटो कोदालो, हलो, हँसिया र त्यस्तै माल-सामान) तथा हवाई जहाजको इन्जीन र पार्ट |
| ८६ को | रेल्वे र ट्राम्वेको इन्जीन, रेल्वेको डिब्बा र यिनका पार्टपूर्जा |
| ८७ को | दुर्बल वाहन, मोटर जडान भएको वा नभएको |
| ८८ को | हवाई जहाज तथा प्यारासूट तिनका उपकरण पार्टपूर्जा |
| ८९ को | जहाज र डुंगा र यस्तै तैरिने कामको लागि बनेका साधन समेत र पार्टपूर्जा |
| ९० को | चिकित्सा, चिरफार, पशु चिकित्सा, यान्त्रिक उपचार र एक्स-रे सम्बन्धी उपकरणहरू |
| ९४ को | औषधि उपचार, दाँत उपचार, चिरफार र पशु चिकित्सासम्बन्धी सबै प्रकारको फर्निचर र तीनका पार्टपूर्जा (संकेत नं.९४–०२ को) |
| ९९ को | प्रयोग भैसकेका हुलाक टिकट र यस्तै प्रकारका स्टाम्प, पोष्टकार्ड आदि । |

## बिक्रीकर दरबन्दी (ख)
## (आन्तरिक उत्पादनतर्फ)

| संकेत नं. | माल वा वस्तुको नाम तथा विवरण | बिक्रीकरको दर |
|---|---|---|
| १७.०१ (क) | खाँडसारी | ५% |
| ३२.०२ | छाला प्रशोधन गर्ने र रङ्गाउने वनस्पति मूलक तथा कृत्रिम सार तथा सबै पदार्थहरू | ५% |
| ३२.०४ | वस्त्र र खाद्य सामग्री रङ्गाउने पदार्थ | ५% |
| ३४.०३ | प्राँगारिक सामानहरू साबुन मिलाइएको वा डिटरजेण्टहरू | ५% |
| ३८.०४ | टर्पिन्टाइन (सल्लाको तेल) | ५% |
| ३८.०५ | अन्य सबै विविध रासायनिक उत्पादनहरू अन्यत्र नपरेको कृत्रिम रेजीनहरू र सेलिलोज ईस्टरहरू | ५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४५.०१ | कर्क र कर्कबाट बनेको सबै सामान | १०% |
| ५७.०२ | हँसियन, सुतली र त्यस्तै जूट उत्पादनहरू | ५% |
| ५९.०९ | मेन्टोलको जाली | ५% |
| ६९.०२ (क) | घर छाउने टायल | माफी |
| ६९.०६ | पाईप, ढलको नाली, एङ्गल, बेड र त्यस्तै सामानहरू | ५% |
| ७६.०३ | सफाइका भाँडा (स्यानिटरी फिक्चस) | १०% |
| ८५.०४ | पंखा | १०% |
| ८५.०५ | ट्रान्समिटर तथा रिसिभरहरू, रेडियो र पार्टपूर्जा | १५% |
| ८५.०६ (क) | टेलिभिजन | १५% |

यसमा उल्लेखित बाहेक आन्तरिक उत्पादनको बिक्रीकरको दर र व्यवस्था आर्थिक ऐन, २०४७ बमोजिम हुनेछ ।

तर कुनै मालवस्तुमा लाग्ने बिक्रीकरको दर सोही वस्तुको पैठारी हुँदाको अवस्थामा लाग्ने बिक्रीकरको दरभन्दा बढी हुने छैन ।

खाँडसारीको आन्तरिक उत्पादनमा लाग्ने बिक्रीकरमा ५० प्रतिशत छूट हुनेछ ।



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५८

## अनुसूची–४

### आयकर

१. व्यक्ति, दम्पत्ति वा परिवारको लागि

(क) आयकर नलाग्ने हद :

| | |
|---|---|
| १. व्यक्तिको लागि– | रू. २०,०००।– |
| २. दम्पत्ति वा परिवारको लागि– | रू. ३०,०००।– |

| (ख) आयकर लाग्ने | करको दर |
|---|---|
| पहिलो रू. १०,००० मा | १० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | २० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ३० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ४० प्रतिशत |
| र त्यसपछिको जतिसुकै भए पनि | ५० प्रतिशत |

२. अस्थायी वासिन्दा, साझेदारी फर्म, प्रा.लि. कम्पनी र कर्पोरेट आयकर तिर्ने बाहेकका अरू कम्पनी तथा संस्थानहरूलाई लाग्ने आयकरको दर :

| वार्षिक आय | करको दर |
|---|---|
| पहिलो रू. १०,००० मा | १० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | २० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ३० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ४० प्रतिशत |
| र त्यसपछिको जतिसुकै भए पनि | ५० प्रतिशत |

३. अस्थायी वासिन्दालाई उपर्युक्तबमोजिम लाग्ने करमा १२ प्रतिशत थप कर लाग्नेछ ।

४. पारिश्रमिक आयमा उच्चतम सिमान्त दर ४० प्रतिशत कायम गरिएको छ । तर पारिश्रमिक आयकरदाताको अन्य आयश्रोत भएमा पारिश्रमिक आयको हकमा उक्त दरबमोजिम अधिकतम ४० प्रतिशत मात्र लगाई सो दरले खामे भन्दा बढी हुने अन्य आयमा आयकरको माथिल्लो दरबमोजिम आयकर लगाई असूल उपर गरिनेछ ।

५. नेपालका उद्योग, कारखाना वा कम्पनीलाई प्राविधिक ज्ञान, सूचना, फर्मूला, प्रविधि वा ऋण प्रदान गरी सो बापत प्राविधिक फी, रोयल्टी, ब्याज वा यस्तै अन्य कुनै आय प्राप्त गर्ने विदेशी व्यक्ति, कम्पनी वा फर्मलाई एकमुष्ट २५ प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ । यसरी एकमुष्ट २५ प्रतिशत कर लगाएकोमा अस्थायी वासिन्दालाई लाग्ने थप १२ प्रतिशत कर लगाइने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. अग्रिम करकट्टी गर्नुपर्ने भनी स्पष्ट रूपमा तोकिएका बाहेक अरू आय जस्तै डिस्काउण्ट, कमिशन, डिष्ट्रिब्युशन फी र यस्तै अन्य कर योग्य आयमा अन्तिम कर निर्धारण हुँदा मिलाइने गरी भुक्तानीको समयमा १० प्रतिशत अग्रिम आयकर कट्टा गरी सम्बन्धित कर कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

७. पारिश्रमिक आय, घर जग्गा बहाल, सेक्युरिटी खरिद बिक्री केन्द्रमा सूचीकृत पब्लिक लिमिटेड कम्पनी वा संस्थानको रूपमा स्थापना भएका संस्थानहरूको आयमा करदाताले नै स्वयम कर निर्धारण प्रकृयाको आधारमा आफैले कर निर्धारण गरी कर दाखिल गर्नु पर्नेछ । यसरी स्वयम कर निर्धारण भएकोलाई कर कार्यालयबाट कर निर्धारण भए सरह मान्ने छ तर कर कार्यालयबाट यस्ता करदाताको छनौट (स्याम्पुल) प्रकृयाबाट केहीको छानबीन गरिनेछ । यस्तो छानबीनबाट कर छलेको प्रमाणित भएमा छलिएको प्रमाणित भए जति करमा शत प्रतिशत जरीवाना गरी सो समेत असूल उपर गरिनेछ ।

८. कुनै करदाताले आफ्नो पछिल्लो कर निर्धारण बमोजिम लागेको आयकर बराबरको रकम अग्रिम रूपमा बढीमा चार त्रैमासिक किस्ता गरी चालू आर्थिक वर्षमै कर कार्यालयमा दाखिल गरेमा यसरी अग्रिम रूपमा दाखिल गरेको रकम पछि अन्तिम कर निर्धारण गर्दा लागेको कर रकम भन्दा बढी भएमा बढी भए जति रकममा वार्षिक ८ प्रतिशतका दरले ब्याज सहित फिर्ता गरिनेछ ।

९. आयकर ऐन, २०३१ को दफा २७ बमोजिमको म्याद भित्रै आय विवरण पेश गर्ने र लागेको कर पनि उपरोक्त ऐनको दफा ३७(१) बमोजिमको म्याद भित्र दाखिल गर्ने करदातालाई लागेको करमा २ प्रतिशत छूट दिइनेछ । यो छूट व्यवस्थाका लागि म्याद भित्र लागेको कर दाखिल गरेको भन्नाले अग्रिम रूपमा दाखिल गरेको समेतलाई जनाउनेछ ।

१०. नेपाल अधिराज्य भित्र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट एक पटकमा रू. ५०००।– भन्दा बढी मूल्यको सामान पैठारी गर्ने करदाताबाट र त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट झिटी गुण्टाको रूपमा ल्याएका निजी प्रयोगको सामान बाहेकमा भन्सारले कायम गरेको मूल्यको ५ प्रतिशतले अग्रिम आयकर असूल गरिनेछ । तर जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट वस्तु विनिमय अन्तर्गत पैठारी गरेकोमा भने यस्तो अग्रिम आयकर अढाई प्रतिशतले मात्र असूल गरिनेछ ।

११. सोल्टी क्यासिनोबाट वार्षिक रू.८०,००,०००।– (असी लाख रूपैयाँ) रोयल्टी लिइनेछ । साथै प्रचलित नेपाल कानूनबमोजिम तिर्नु पर्ने आयकर लगायत अरू करहरू समेत क्यासिनोले तिर्नु पर्नेछ ।

१२. आयकरसम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४७ बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५

### सवारी साधन कर

| सवारीको किसिम | वार्षिक करको दर रू. मा निजी |
|---|---|
| १. कार, जीप, भ्यान | |
| (क) १३०० सि. सि. सम्मको | ७५०।– |
| (ख) १३०१ सि. सि. देखि २००० सि. सि. सम्म | १,०००।– |
| (ग) २००१ सि. सि. देखि २९०० सि. सि. सम्म | १,५००।– |
| (घ) २९०१ सि. सि. देखि माथि | २,०००।– |
| २. मोटर साइकल | |
| (क) १५० सि. सि. सम्मको | १००।– |
| (ख) १५० सि. सि. भन्दा माथि | १२५।– |

३. सवारी साधनको अन्य दर र व्यवस्थाहरू आर्थिक ऐन, २०४७ बमोजिम हुनेछ ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–६
## घर जग्गा वहाल कर

१. घर जग्गा वहाल कर छूटको सीमा

(क) व्यक्तिको लागि — रू. २०,०००।–

(ख) दम्पत्ति तथा परिवारको लागि — रू. ३०,०००।–

| घर जग्गा वहाल कर लाग्ने | करको दर |
|---|---|
| पहिलो रू. १०,००० मा | १० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | २० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ३० प्रतिशत |
| त्यसपछिको रू. २०,००० मा | ४० प्रतिशत |
| र त्यसपछिको जतिसुकै भए पनि | ५० प्रतिशत |

करदाताको अन्य आयस्रोत भएमा उपरोक्त छूट रकम सो मा समावेश गरी आयकर निर्धारण गरिनेछ । साथै कुनै करदाताको अन्य आयस्रोत भई छूट सीमा भित्र पर्ने भएमा सो आयलाई समेत घर जग्गा वहाल आयमा समावेश गरी कर निर्धारण गरिनेछ ।

२. आयकरतर्फ व्यक्ति, दम्पत्ति तथा परिवारको लागि छूट नपाउनेलाई घर जग्गा वहाल करमा पनि कुनै छूट दिइने छैन ।

३. व्यक्ति वा दम्पत्ति (वैवाहिक सम्बन्ध कायम रहेको पति पत्नी) र छुट्टिएको वा नछुट्टिएको नाबालक छोरा छोरीहरूको स्वामित्वमा रहेको समेत सम्पूर्ण घर जग्गालाई एउटै ईकाइ मानी घर जग्गा वहाल कर निर्धारण गरिनेछ ।

४. घर जग्गा वहालको आय निर्धारण र खुद आय निकाल्ने तरीका आयकर ऐन, २०३१ को दफा ९, १४ र १४क. बमोजिम हुनेछ ।

५. विदेशी नागरिक वा संस्थालाई घर जग्गा वहालमा दिनु पर्दा अनिवार्य रूपमा सम्झौता गरी ३५ दिन भित्र सम्झौताको एक प्रति सम्बन्धित कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. घर जग्गा वहालमा लिनेहरूले आफूले वहालमा लिएको घर जग्गाको वहाल रकम वार्षिक रू. ५०,०००।– भन्दा बढी भएमा एकाउण्ट पेयी चेकबाट मात्र वहाल रकम भुक्तानी गर्नु पर्नेछ । घर जग्गा वहाल रकम भुक्तानी गर्दा देहायका दरले घर जग्गा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
202

वहाल कर अग्रिम रूपमा कट्टा गरी सो को फाँटवारी सहित सम्बन्धित कर कार्यालयको धरौटी खातामा जम्मा गर्नु पनछ ।

| वार्षिक वहाल रकम | अग्रिम करको प्रतिशत |
|---|---|
| रू. २५,०००।– सम्म | कट्टा गर्न नपर्ने |
| रू. २५,०००।– देखि ५०,०००।– सम्म | १० प्रतिशत |
| रू. ५०,०००।– देखि १,००,०००।– सम्म | १५ प्रतिशत |
| रू. १,००,०००।– भन्दा माथि | २५ प्रतिशत |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७

### टेलिभिजन र भिडियो डेक दस्तूर

१. टेलिभिजन र भिडियो डेकमा विदेशबाट पैठारी गर्दा वा स्थानीय उत्पादकबाट खरिद गर्दा एकमुष्ट देहायबमोजिम दस्तूर असूल गरिनेछ ।

| | |
|---|---|
| (क) कालो सेतो चित्र देखिने टेलिभिजनमा | रू. ३००।– |
| (ख) रंगीन चित्र देखिने टेलिभिजनमा | रू. १,०००।– |
| (ग) भि. सी. पी. डेकमा | रू. १,५००।– |
| (घ) भि. सि. आर. डेकमा | रू. २,०००।– |

२. टेलिभिजन र भिडियो डेकमा साबिकमा लगाई आएको वार्षिक दस्तूर खारेज गरिएको छ ।

३. सार्वजनिक प्रदर्शन गर्न इजाजत प्राप्त गर्ने भिडियो डेकमा लाग्ने दस्तूर र करको दर आर्थिक ऐन, २०४७ बमोजिम हुनेछ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।